


NeNAP

Neeti Anusandhan Pratishthan, Nepal

Kathmandu, Nepal

9847386571, 9847364187

nenapinresearch@gmail.com


# नेपाल-भारत सम्बन्धका सामाजिक-सांस्कृतिक आयाम



श्रीकृष्ण अनिरुद्ध गौतम

# नेपाल-भारत सम्बन्धका सामाजिक-सांस्कृतिक आयाम
## (अन्तर्क्रियात्मक अध्ययन)

अध्येता
श्रीकृष्ण अनिरुद्ध गौतम

सम्पादक
दीपक कुमार अधिकारी

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

| | |
|---|---|
| पुस्तक | : नेपाल-भारत सम्बन्धका सामाजिक-सांस्कृतिक आयाम (अन्तर्क्रियात्मक अध्ययन) |
| अध्येता | : श्रीकृष्ण अनिरुद्ध गौतम |
| प्रकाशक | : नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) |
| सर्वाधिकार | : प्रकाशकमा |
| सम्पादक | : दीपक कुमार अधिकारी |
| ले-आउट | : सन्तोष आचार्य |
| संस्करण | : प्रथम |
| वर्ष | : २०८१ |
| प्रति | : ३००० प्रति |
| मुद्रण | : मिसन प्रिन्टर्स पब्लिकेसन प्रा.लि., काठमाडौं |
| मूल्य | : १००/- |

## प्रकाशकीय

नेपाल र भारतबीचको सम्बन्धलाई धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक सम्बन्धले प्रगाढ बनाइरहेका छन् । नेपाल-भारतको जनस्तरको सम्बन्ध समेत अत्यन्त सौहार्दपूर्ण छ । जनता-जनता (People to people) को सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुँदा हुँदै पनि सरकार-सरकार (G to G) तथा राजनीतिक एवं राजनयिकको सम्बन्ध मा बेला बेला खटास आउने गरेको अनुभव सर्वविदितै छ । यस्ता खटासपूर्ण वातावरण आउन नदिन दुई देश बीचका सम्बन्धका आयामहरूबारे बेला बखतमा चर्चा, अध्ययन एवं अनुसन्धान गर्नु आवश्यक हुन्छ ।

नेपाल-भारतका जनता जनता बीचको सम्बन्धदेखि लिएर सबै स्तरको सम्बन्ध सौहार्दपूर्ण हुँदाहुँदै पनि केही खोज अनुसन्धानका कार्य एक आपसलाई जोड्न, समझदारीको स्तर अझै बढाउन, सम्बन्धलाई प्रगाढ बनाउनका लागि अपरिहार्य भएको देखिन्छ । नेपालमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय धेरै गैरसरकारी संस्थाहरूले सामाजिक तथा सरकारी स्तरमा धेरै कार्यहरू गरिरहेको छन् तर भारतद्वारा अथवा भारतमा भएका केही गैरसरकारी संस्थाहरूले नेपालका गैरसरकारी संस्थाहरूसंग मिलेर प्रत्यक्ष कार्य गरिरहेको देखिंदैन । यहाँ सम्म कि भारतको कुनै गैर सरकारी संस्थाले भारतकै कुनै राज्यमा आफ्नो मुख्यालय रहेर नेपालमा कार्य सञ्चालन गरिरहेको अनुभवमा आएको देखिंदैन । तर केही धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं सामाजिक संस्थाहरूको सञ्जाल नेपालमा रहेको भने देखिन्छ । जसका नामहरू यो अनुसन्धानमा उल्लेख गरिएका छन् । यी संघ–संस्थाहरूको विभिन्न कार्यक्रम नेपाल र भारतका दुबै स्थानमा हुने गर्दछन् । नेपालीहरू भारतमा जाने र कार्यक्रममा सहभागी बन्ने, प्रशिक्षण लिने, त्यसैगरी भारतीयहरू पनि नेपालमा आउने र प्रशिक्षण लिने कार्यक्रम गरिरहन्छन ।

तसर्थ यी धार्मिक, सामाजिक, सांस्कृतिक संगठनहरूको कार्यक्रम, प्रशिक्षण एवं भ्रमणहरू लगायतका नियमित गतिविधिहरूमा भाग लिनाले नेपाल र भारतको सम्बन्ध गहराइमा बुझ्न र आपसी समझदारी विकास गर्नमा कस्तो योगदान रहेको छ साथै जनस्तर सम्म नै केही उपलब्धि र अनुभवहरू कस्ता आएका

छन् र आइरहेका छन् भनेर बुझ्नका लागि उक्त अनुसन्धान कार्य सञ्चालन गरेको थियो ।

यी सबै संगठनहरूको विभिन्न गतिविधिले समग्रमा दुई देशको सम्बन्धलाई प्रगाढ बनाउने तथ्य यस अनुसन्धानले उजागर गरेको छ। तथापि केही संघ-संस्थाहरू दुई देशको सम्बन्ध सुधारमा पुऱ्याउन सक्ने योगदानबारे अनभिज्ञ रहेको समेत पाइयो । यसले अझै पनि संस्थागत प्रयास मार्फत् सम्बन्धलाई सुमधुर बनाउन पर्याप्त उपायहरू अवलम्बन गर्न सकिने तर्फ ध्यान केन्द्रीत गरेको छ।

नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

## कृतज्ञता

नेपाल भारतमा कार्यरत विभिन्न सामाजिक तथा धार्मिक संघ–संस्थाहरूको गतिविधि/क्रियाकलापले दुई देशको सम्बन्ध सुदृढ गर्नमा पुऱ्याएको योगदानका नजरले विस्तृत अध्ययन गरी निर्माण गरिएको यो प्रतिवेदन प्रस्तुत/प्रकाशन गर्न पाउँदा हामी खुसी छौं । यस प्रतिवेदनले नेपाल र भारत दुबै देशका नागरिकसँग सम्बन्ध स्थापित गर्ने संघ-संस्थाहरूको सरोकार र गतिविधिहरू समावेश गरेको छ। जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक-सांस्कृतिक सम्बन्धको माध्यमबाट नेपाल-भारत सम्बन्धलाई सुदृढ गर्न योगदान पुऱ्याएको छ भन्नेमा हामी विश्वस्त छौं ।

नेपाल र भारतबीचको प्राचीन कालदेखि नै बहुआयामिक, ऐतिहासिक र सांस्कृतिक सम्बन्ध रहेको हामी सबैलाई अवगत नै छ। समृद्ध सम्पदाका धनी यी दुई देशले साझा परम्परा एवं भाइचाराको स्थायी भावना आदान-प्रदान गर्दछन् । यस प्रतिवेदनले यस्ता बन्धनहरू एवं सम्बन्धलाई सुदृढ गर्न समर्पित धेरै संस्थाहरूको अथक प्रयासहरूलाई उजागर गर्ने जमर्को गरेको छ। साथै कार्यरत संस्थाहरूको नेपाल भारत सम्बन्धबारेको समझदारीलाई पनि उजागर गर्ने जमर्को गरेको छ।

यो प्रकाशन नेपाल र भारतको द्विपक्षीय सम्बन्धको निरन्तर वृद्धि र समृद्धिप्रति प्रतिबद्ध नीति-निर्माता, अनुसन्धानकर्ता र अभ्यासकर्ताहरूका लागि उपयोगी हुने हामीले विश्वास लिएका छौं। अध्ययनलाई पुस्तकको स्वरूप दिन आफ्नो समय, ज्ञान र अनुभव प्रदान गर्ने सम्पूर्ण संघ-संस्था तथा व्यक्तिहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं । यो प्रतिवेदनले नेपाल र भारतबीचको गहिरो सम्बन्धलाई उजागर गर्नुका साथसाथै दुई देशबीच भावी पहल र सहकार्यका थप मार्गहरू पहिल्याउन मद्दत गर्नेमा हामी विश्वस्त छौं ।

अन्त्यमा यो अध्ययन प्रतिवेदनका सामग्री तयार पार्न सहयोग गर्नुहुने सम्पूर्ण संघ-संस्था, संस्थागत प्रतिनिधि, विद्वतवर्ग एवं अध्येता श्रीकृष्ण अनिरुद्ध गौतमज्यूलाई नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)को तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

डा. केशवराज पन्थी
कार्यकारी निर्देशक
नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप)

# विषय सूची


| | |
|---|---|
| प्रकाशकीय | i |
| कृतज्ञता | iii |
| अध्येता परिचय | vi |
| अध्येताका तर्फबाट आभार एवं अनुरोध | vii |
| १. साझा भावधाराका वंशज | १ |
| २. नेपाल, उत्तर र पूर्वोत्तर भारत | ४ |
| ३. अद्वितीय अर्थात् प्राकृतिक आत्मीयता प्रेरित सम्बन्ध | ९ |
| ४. सीमा बिर्सार्उने सम्बन्ध | १३ |
| ५. भाषिक जातीय सामिप्य | १५ |
| ६. अनुपम सामिप्य | १६ |
| ७. सम्बन्धका विविध आयाम | १८ |
| ८. आफ्नै भूमिमा भएको अनुभूति | २३ |
| ९. साझा गन्तव्य | २४ |
| १०. अध्ययन र संवादको संदेश | २४ |
| **अनुसूची १** | |
| भारतमा केन्द्र, नेपालमा तिनका शाखा | २६ |
| **अनुसूची २** | |
| अन्तर्क्रियात्मक कार्यक्रममा विमर्श गरिएका विषय बिन्दुहरू | ३० |
| प्रतिनिधि संस्थाको गतिविधि अध्ययन | ३२ |
| समाजका विविध क्षेत्रमा जागरणमुखी काम गरिरहेका संस्थाहरू | ३३ |
| बौद्ध, जैन र सिख संस्थाहरू दुबैतर्फ कार्यरत | ३३ |

## अध्येता परिचय



श्रीकृष्ण अनिरुद्ध गौतम प्रखर राजनीतिक विश्लेषक, लोकतन्त्र पक्षधर स्तम्भकार र संघीयता विज्ञ हुनुहुन्छ । श्रीमद्भगवद्  गीतामा दृढ विश्वास गर्ने गौतम एक कुशल सांस्कृतिक अनुसन्धाता समेत हुनुहुन्छ। कान्तिपुर लगायत विभिन्न पत्रपत्रिका एवं जर्नलहरूमा उहाँका विचार प्रधान स्तम्भ, विषयगत अध्ययनमा आधारित आलेखहरू प्रकाशित छन् ।

## अध्येताका तर्फबाट आभार एवं अनुरोध

प्रस्तुत अध्ययन, क्रमैसँग गर्दै जाँदा शुरुको योजनामा सुधार र संशोधन हुँदै सोचेभन्दा  निकै भिन्न हुन पुग्यो। निश्चय नै यस कार्यलाई पुस्तकाकारमा प्रस्तुत गर्ने विचार थियो तर यस प्रकारको पुस्तिकाका रूपमा प्रकाशित गर्ने योजना भने थिएन । यसलाई केवल भारतका सामाजिक-सांस्कृतिक, त्यसमा पनि विशेष गरेर धार्मिक संघ-संस्थाहरूको नेपालमा कार्यगत गतिविधिमा आधारित अध्ययन प्रतिवेदनजस्तो अनुहारमा प्रस्तुत गर्ने समझदारी थियो ।

तर क्षमा चाहन्छु,  विषयमै प्रवेश गरेपछि मैले त्यतिले मात्र हाम्रा दुई देशबीच विद्यमान परापूर्वदेखिको सामाजिक-सांस्कृतिक समरसताको अवस्था र त्यसको संवर्धन, प्रवर्धन गर्नुपर्ने पुनित उद्देश्यप्रति न्याय नहुने देखें। धेरैजसो सम्बन्धित संघ-संस्थाहरू नेपाल र भारत बीच विद्यमान परापूर्वदेखिको सामाजिक-सांस्कृतिक समरसतासँग विशेष रूपमा परिचित रहेको पाइएन । उनीहरूमध्ये धेरैले सतही विवरणका साथै नेपालमा के भइरहेको छ भन्ने विषयमा भन्दा पनि आफ्नै व्यवस्थापनका समस्याको बयान गरे। साथै सम्बन्धित भनिएका कतिपय संस्थाहरू विद्यमान सांस्कृतिक अनुबन्धप्रति सजग रहनुभन्दा पनि केवल कर्मकाण्डमा सीमित रहेको देखियो।  मैले नीति अनुसन्धान प्रतिष्ठान, नेपाल (नेनाप) सँग पुनर्विचार गर्न अनुरोध गरें । त्यसैका फलस्वरूप यो अध्ययनलाई अन्तर्क्रियात्मक अध्ययनका रूपमा तयार गरेको हुँ। अर्थात् दुई देशबीच विद्यमान सामाजिक-सांस्कृतिक सम्बन्धका नैरन्तरिक आयामहरू दर्शिने गरी काम गर्नु पऱ्यो भन्ने मेरो आग्रह नेनापले सहज स्वीकार गरेकोले नै मैले थप समय प्राप्त गर्न सकें, यसका लागि पनि म नेनाप नेतृत्वप्रति विशेष रूपमा अनुगृहित छु, रहने छु।

यस कार्यको प्रेरक श्रेय नेनापका निर्देशक दीपक कुमार अधिकारीलाई जान्छ। किनभने उहाँले मलाई यदि भारतमा केन्द्र रहेर कार्यरत तथा नेपालमा समेत सक्रिय सांस्कृतिक-सामाजिक संघ-संस्थाहरू यहाँ के कसरी काम गरिरहेका छन् र ती संघ-संस्थाको उपस्थिति र गतिविधिका कारण हाम्रा दुई देशबीच परापूर्वदेखि विद्यमान सम्बन्ध विस्तार र प्रवर्धनमा के कति र कस्तो सहयोग पुगिरहेको छ

भन्ने विषयमा अध्ययन गर्न अनुरोध गर्नु भएकोले यो अध्ययन सम्भव भएको हो । यसको प्रारम्भिक अवधारणा भारतमा केन्द्र रहेका सामाजिक सांस्कृतिक, तिनमा पनि विशेष गरेर धार्मिक संस्थाहरूका नेपाली संस्करण नेपाल सरहदभित्र के कसरी कार्यरत छन् भन्ने विषयमा विश्लेषणप्रधान अन्तरक्रियात्मक अध्ययन गर्नु रहेको निश्चय नै हो । तर माथि भनिएझैं यसले बृहत् विषयलाई आकर्षित गरेको हुँदा, यो कार्यलाई सम्बन्धित संघ-संस्थाहरूको गतिविधिको बयानमा सीमित राख्दा, अध्ययन नै अपूरो हुने भएकाले यसलाई सम्बन्धको सामाजिक-सांस्कृतिक आयामका रूपमा सक्दो फराकिलो परिवेशमा विस्तार गर्ने प्रयत्न गरिएको छ ।

अवधारणालाई कार्यरूप दिने क्रममा केही संस्थाका कार्यालय र कार्यस्थलमा गएर सम्बन्धित संस्थाका प्रतिनिधिहरूसँग काम र प्रभावबारे वार्तालापका दौरान तिनका गतिविधिहरू बारे जानकारी लिएको थिएँ । यस क्रममा काठमाडौंमा पतञ्जलि योग पीठका शालिग्राम सिंहले आफ्नो संस्थाका कार्यहरू सम्बन्धमा समुचित समय र जानकारी दिनु भएको  र बुटवलमा ब्रह्मकुमारी आश्रममा लगेर यावत् गतिविधिसँग परिचित गराउनु हुने सामाजिक अभियन्ता एवं व्यवसायी मनोज मित्तलबाट प्राप्त स्नेह र सूचनाप्रति अनुगृहित नरही सक्दिन । जनकपुर, जलेश्वर र मटिहानी भ्रमणका क्रममा मधेश अध्येता जनकपुरकै मनोज साहबाट, विशेष गरेर सीमान्त क्षेत्रका धार्मिक सांस्कृतिक सम्बन्धबारे प्रशस्तै जानकारी पाउनाका साथै भ्रमण र भेटघाट सहजीकरणमा आत्मीय सहयोग पाएको बिर्सनै सक्दिन । त्यस्तै प्रेम रावत फाउन्डेसन, तसर्पू, धादिङ पनि पुगेर संवाद गरेको थिएँ । फाउन्डेसनसँग आबद्ध प्रेम ढुंगेलले फाउन्डेसनद्वारा सञ्चालित विपन्न परिवारका विद्यार्थीहरूका लागि नियमित सहभोजन कार्यक्रमबारे सविस्तार बताउनु भएकोमा कृतज्ञ छु । प्रेम रावत फाउन्डेसन निश्चय नै अन्तर्राष्ट्रिय संस्था हुँदाहुँदै पनि भारतमा यसका विशेष कार्यक्रम सञ्चालित भएकोले यो फाउन्डेसनलाई अध्ययनको परिधिमा राखेको हुँ ।

भारतमा मुख्यालय भएका र नेपालमा समेत क्रियारत धार्मिक सांस्कृतिक संघसंस्थाहरू सँग समूहगत रूपमा दुई पटक र एक्लाएक्लै पनि अन्तर्क्रिया केही अपवाद संघ-संस्थाका बाहेक अरूसहभागी प्रतिनिधिले आफ्ना गतिविधि र

त्यसबाट समाज जीवनमा के कस्तो प्रभाव परेको छ भन्ने विषयमा सारभूत जानकारी दिन सकेननृ । यसबाट के परिलक्षित भयो भने धेरैजसो यस्ता संस्थाहरू समाज जीवनमा दुई देश बीच सुमधुरता वृद्धि गर्ने गरी काम गर्न चाहेर पनि प्रशिक्षित छैनन्  । प्रशिक्षित नभएकैले हुनुपर्छ सामाजिक धार्मिक संस्थाहरूको प्रभाव फराकिलो भएको देखिदैन र त्यसैकारण हुनुपर्छ उनीहरू केवल समाजमा बढ्दै गएको विसंगतिको समाचारका वाहकका रूपमा सीमित हुँदै गएका छन् । श्रीवैष्णव, रामकृष्ण मिसन, अन्तरराष्ट्रिय श्रीकृष्ण भावनामृत समाज (इस्कोन), पतन्जली योग पीठ, ब्रह्मकुमारी, महर्षि महेश योगी जस्ता संस्थाहरू नियमित किसिमका काममा सक्रिय भए पनि नेपाल भारत सम्बन्धमा सकारात्मक भाव विकास गर्ने दिशामा अनुभवै हुने गरी काम भएको पाइएन । निश्चय नै उनीहरूको कामले अप्रत्यक्ष रूपमा प्रभाव पारेको नकार्न मिल्दैन । नेपालमा उनीहरूको केवल संस्थागत सम्बन्धको मिसन छ र त्यही मिसनमै उनीहरू केन्द्रीत छन् भन्ने नै परिलक्षित हुन्छ । समाज जीवनमा उनीहरूको परिधि खासै फराकिलो भएको पाइएन ।

यहाँनेर के चाहिं मननीय छ भने नेपाल भारत सम्बन्धका आध्यात्मिक, धार्मिक, सांस्कृतिक आयामहरूलाई राम्ररी आत्मसात गरेका व्यक्तिहरू संलग्न कार्यशील संस्थाले भारतमा विशेष संरचना र कार्यसक्रियता रहेका र नेपालमा पनि कार्यरत त्यस्ता संघ-संस्थालाई जोडेर विशेष ध्येयसाथ काम गर्ने हो भने निश्चय नै यी संघ-संस्था नेपाल भारत सम्बन्धमा सुमधुरता वृद्धि गर्न सहयोगी हुन सक्ने छन् । तर उनीहरू आफू आफूले जे जस्तो ढंगले काम गरिरहेका छन्, यसरी उनीहरू केवल आफ्ना पन्थ, सम्प्रदायमै आबद्ध रहने तर दुई देशबीचको सम्बन्धमा सुमधुरता वृद्धि गर्न उल्लेख्य रूपमा सहयोगी भइरहेका र हुन सक्ने प्रतीत हुँदैन ।

तथापि, म के स्वीकार्छु भने मेरो अध्ययनमा कतिपय प्रत्यक्ष र कतिपय भने अप्रत्यक्ष रूपमा उहाँहरूले  व्यक्त गरेका भावहरू समेत समेटिएका छन् । त्यसै यस कार्यमा भारतमा मुख्यालय भएका र भारतसँग सम्बन्ध भएका संघ-संस्थाहरूसँग गरिएको सार पक्ष समाविष्ट छ भन्नै पर्छ । निश्चय नै यस अध्ययनलाई अझ विस्तारित र अद्यावधिक गर्दै जाने अझै ठाउँ छ । त्यसो गर्नलाई सामूहिक

अन्तर्क्रिया नेपालका अलग अलग प्रदेशमा गर्दै दुई देशबीचको सम्बन्धमा सुमधुरता वृद्धि गर्ने दिशमा प्रेरित गर्न सकिन्छ।

यस अन्तर्क्रियात्मक अध्ययनमा प्रस्तुत गरिएका विषयहरू दुवै देशका ऐतिहासिक सहितका सामाजिक सांस्कृतिक आयामबारे परिचय प्रदान गर्ने र सम्बन्धित संघ-संस्थाहरूलाई सम्बन्ध सुमधुर हुँदा हुन जाने सहजताको बोध हुने भन्ने अपेक्षा गरेको छु।

धेरैजसो संघ-संस्थाहरूका प्रतिनिधिसँग चाहिं दुई पटक काठमाडौंमै अन्तरक्रियात्मक गोष्ठी आयाजना गरेर जानकारी लिइएको थियो। संघसंस्थाका प्रतिनिधिहरूले आ-आफ्ना संस्थाका गतिविधिबारे अवगत गराएकोप्रति निश्चय नै आभारी छु। दुई पटकका गरिएको अन्तरक्रियात्मक कार्यक्रममा सहभागीहरूद्वारा प्रदान गरिएका जानकारी र सुझावहरूबाट के कसरी र कस्ता काम भइरहेको त थाहा भयो नै, हुनैपर्ने तर नभएका कामतर्फ पनि संकेत प्राप्त भयो र कामलाई कर्मकाण्डमा सीमित नराखेर विशेष सक्रियतापूर्वक अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको र गम्भीर सहभागीहरूले पनि सोही बमोजिम सामाजिक सांस्कृतिक आयाममा सहयोग पुग्नुपर्ने महसुस गरेको पाइयो।

साथै अन्तरक्रिया सहजीकरणमा प्रेम न्यौपाने र मोहन श्रेष्ठले विशेष सहयोग प्रदान नगर्नु भएको भए कार्यक्रम आयोजन निश्चय नै सहज हुने थिएन।

वार्तालाप र अन्तरक्रियात्मक संवाद धेरै नै उपयोगी भए पनि नेपाल भारतबीचको सामाजिक सांस्कृतिक सम्बन्धको विशिष्टता त्यतिबाटमात्र नप्रस्टिएको प्रतीत भयो, त्यसैले विविध आयाम समेट्दै यस कार्यलाई अन्तर्क्रियात्मक अध्ययनको शैलीमा तयार गरेको हुँ। बारम्बार समय तन्काइ माग्ने मेरो अनुरोध स्वीकार गर्ने दीपक कुमार अधिकारीको धैर्य निश्चय नै प्रशंसनीय छ। नीति अनुसन्धान प्रतिष्ठानका तत्कालीन प्रशासन प्रमुख सन्तोष आचार्यले अध्ययनलाई चाहिने संशाधान र आवश्यक सेवा तत्परतापूर्वक उपलब्ध गराइदिनु भएको हुँदा नै यो अध्ययन यस आकार, प्रकारमा प्रकाशित हुन सकेको हो। नेनापका वर्तमान कार्यकारी प्रमुख केशव पन्थीले अध्ययनलाई पुस्तकका रूपमा संयोजित गर्न र लेखनलाई परिपक्व बनाउन समय सीमा बढ्दा पनि धैर्य धारण गरिदिएकाले

मलाई विषयमाथि पुनःमन्थनसहित आफ्नो अध्ययन-लेखनलाई अरू परिपक्व बनाउने अवसर प्राप्त भएको हो । यसर्थ पन्थी जी प्रति आभार व्यक्त नगरी रहन सक्दिन ।

यस अध्ययनका क्रममा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा मसित जोडिनु भएका सबैप्रति उहाँहरूले प्रदान गर्नु भएको जानकारी, साथ, सहयोग, सुझाव र समर्थनका लागि कृतज्ञ छु, सदैव रहने छु ।

श्रीकृष्ण अनिरुद्ध गौतम

भाद्र, २०८१
बाग्मती नगर
काठमाडौं
बाग्मती प्रदेश ।

## १. साझा भावधाराका वंशज

नेपाल र भारतबीचको सम्बन्ध विशिष्ट छ, अद्वितीय छ। कुनै दुई देशबीचको सम्बन्ध विशिष्ट हुनु, अद्वितीय हुनु आफैंमा अनौठो होइन। झन् नेपाल र भारतबीच विशिष्ट सम्बन्ध हुनु विल्कुल अनौठो हुँदै होइन। अनौठोको रूपमा प्रस्तुत गरिनुचाहिं बरु, परस्परलाई, बिरानो देखाउन खोज्नु हो। (यी हरफमा भारत भन्नाले सन् १९४७ मा बेलायती शासनबाट स्वतन्त्र भएको भूखण्ड बुझ्न अनुरोध छ। किनभने सांस्कृतिक भारतवर्ष भनेको गान्धारदेखि ब्रह्मदेश [बर्मा अर्थात् अचेल म्यान्माँ पनि भनिन्छ], कश्मीरदेखि हिन्द महासागरसम्म फैलिएको विशाल क्षेत्र हो, उपमहाद्वीप हो र यसैलाई दक्षिण एसिया पनि भन्ने गरिएको छ। भारतवर्ष भन्नाले साझा सभ्यता र संस्कृति जनाउने विशाल क्षेत्र बुझ्नु पर्छ भने यी हरफमा उल्लिखित भारतचाहिं वर्तमान मानचित्रमा दर्शाइने राजनीतिक भारत नै हो।) हुन त अचेल एकथरी मानिस नेपाल-भारत सम्बन्ध विशिष्ट होइन र छैन भन्नेहरू पनि भएका होइनन् र यसो भन्ने, भन्न पाउने स्वतन्त्रता उनीहरूलाई छ तर उनीहरूका लागि जे भए पनि जनस्तरमै गएर हेर्दा, बुझ्दा अझैसम्मचाहिं दुबैतर्फकाले पारस्परिक सम्बन्धलाई विशेष नै मान्छन् र हो पनि त्यसैले जनस्तरले जे मान्छ त्यसलाई स्वीकार्नै पर्छ।

जनस्तरका साथै किरात जनकीर्ति नामक पुस्तकमा प्रसिद्ध संस्कृतिविद् सुनीतिकुमार चटर्जी, नेपाल : हिस्टरिकल स्टडी अफ हिन्दू किङ्गडममा प्रसिद्ध फ्रेन्च अध्येता सिल्भिया लेभी, नेपाल : स्ट्रेटजी फर सर्भाइभल, लिओ इ. रोज सदृशः विद्वानहरूले नेपाल र भारत भिन्न देश भए पनि सामाजिक-सांस्कृतिक हिसाबले एउटै पृष्ठमा रहेको ठहर गरेका छन्। अर्थात् नेपालका भाषा, संस्कृति, इतिहासको गहन अध्ययन गर्नेहरूले पनि सम्बन्धमा विद्यमान विशिष्टता स्वीकार्नुका साथै त्यही जगमा रहेर अध्ययन गरेका छन् र दुबै देश साझा भावधाराका वंशज हुन् भन्ने विषयमा एकमत छन्। कसैले सोझै र कसैले भने घुमाएर स्वीकारेका छन्। दृष्टिकोणमा फरक पर्न सक्छ तर यहाँ एक पटक फेरि भन्नै पर्छ उल्लेख गर्नै पर्छ, परापूर्वदेखि नै नेपालले आफ्नो स्वतन्त्रताको रक्षा गर्दै साझा संस्कृतिको संरक्षण, सम्वर्धन र प्रवर्धन गरेको छ।

यसर्थ नेपाल र भारत बिराना होइनन्, बरु राजनीतिलाई अलग गरिदिने हो भने नाम फरक भए पनि दुबै एकै सामाजिक सांस्कृतिक भावधाराका वंशज हुन् भन्ने यथार्थ बारम्बार पुष्टि गर्नुपर्ने विषय होइन, वास्तविकता हो । त्यतिमात्र होइन, साझा सभ्यताका संवाहक हुन् । यी दुईलाई एकै सभ्यताले रचेको हो। दुबैको एउटै प्राचीन छ। यिनीहरू अप्रतिम हिसाबले सामाजिक सांस्कृतिक आत्मीयताको सूत्रमा आबद्ध छन् भन्ने भाव हरेक अन्तर्क्रियामा व्यक्त भएको छ, हुने गरेको छ।

अर्थात् यसैकारण दुबै परस्परमा एकात्म छन् र यही आत्मीयताको धरामा दुई बीचको सम्बन्ध विशेषरूपमा अद्वितीय, अतुल्य छ । सांस्कृतिक अर्थमा भारतमा नेपाललाई र नेपालमा भारतलाई कताकतै पर्यायवाचीझैं सहजभावमा सम्बोधन गर्ने गरेको समेत पाइएको छ ।

सभ्यता, संस्कृति, परम्परा सबै एकै किसिमका भएका र भूगोलले समेत जोडिएका यी दुई देश, निश्चय नै आकार र जनसंख्यामा ठूला, साना छन् । भूगोलमा भारत नेपालभन्दा २२ गुणा ठूलो छ, जनसंख्यामा निकै सघन छ। आजका मितिमा भारत नेपालभन्दा करिब ४५ गुणा अधिक जनघनत्व भएको मुलुक हो। यसो भनिरहँदा के पनि मननीय छ भने भारतका जस्तै, ठ्याक्कै उस्तै धेरैजसो जातजाति नेपालमा छन् र त्यहाँकै पन्थ सम्प्रदायहरू नेपालमा समेत उस्तै छन्, उनै छन् र यिनीहरूबीच निरन्तर अन्तरर्क्रिया चलिरहेको छ। यताका पन्थ सम्प्रदाय उता पनि छन् शैव, शाक्त, वैष्णव र यिनका प्रकारहरू । त्यस्तै किरात, बौद्ध महायान आदि र केही थेरावादीहरूसमेत । यी समष्टि जनाउने ठूला वर्गीकरण हुन्, व्यष्टिमा पनि दुबै धार्मिक-सांस्कृतिक अर्थमा परस्पर पृथक देखिँदैनन्, छैनन्।

परम्परागत रूपमै विद्यमान संस्थाहरुका अतिरिक्त पछिल्लो समयमा देखा परेका संघसस्थाहरू पनि नेपालमा निकै लोकप्रिय छन् । तिनमा प्रमुख हुन्, ओम शान्ति, सत्यसाई पन्थी र प्रणामीहरू । अभ्यास पृथक भए पनि हिन्दू समुदायमाझ प्रस्तुत हुँदा ओम शान्ति, सत्य साई पन्थी र प्रणामीहरू स्वयंलाई हिन्दू नै भएको बताउँछन् । यिनीहरूका मुख्य केन्द्रहरू भारतमा छन् । ओम

शान्तिको केन्द्र राजस्थानमा छ। सत्य साईको आन्ध्र प्रदेशमा एवं प्रणामीको गुजरातमा अवस्थित छ। यी संघसंस्थाको नेपालमा निकै विस्तारित सञ्जाल छ। महत्वपूर्ण के छ भने यी पन्थ, सम्प्रदायका अनुयायीबीच समरसतापूर्वक आवत जावत, आदान प्रदान भइरहेको छ। नेपालबाट भारतका केन्द्रहरूमा जाने र भारतबाट नेपाल आउने क्रम चलिरहेको हुन्छ।

उल्लिखित संघसंस्थाहरूको सक्रियताले नेपाल भारत सम्बन्धमा सकारात्मक प्रभाव पारेको भए पनि व्यापक लोकव्यवहारमै प्रतिबिम्बित हुने गरी प्रभाव परेको छैन। निश्चय नै यी पन्थहरूमा आबद्ध समूहहरूको आवतजावत र आदान प्रदानले अप्रत्यक्ष प्रभाव परेकै भए पनि नेपालमा भारतलाई हेर्ने दृष्टिकोण सकारात्मक बनाउने दिशामा कुनै उल्लेख्य सहयोग पुगेको देखिदैन, र त्यतातर्फ ध्यान दिनुपर्छ भन्नेतर्फ समेत लक्षित रहेको पाइएन।

हिन्दू स्वयंसेवक संघ नेपाल, प्राज्ञिक विद्यार्थी परिषद्, विश्व हिन्दू परिषद्, नेपाल, जनजाति कल्याण आश्रम र एकल विद्यालयको सक्रियताले नेपाल भारत सम्बन्धका आयाम छोएको, र यी संस्थाका गतिविधिले नेपालमा भारत थप चिन्ने अवसर प्रदान गरेको, सांस्कृतिक आदान प्रदान गराइरहेका हुँदा दुई देशबीचको सम्बन्ध सुमधुर बनाउन मद्दत पुग्ने काम भएको छ। अर्थात् पन्थ सम्प्रदाय आबद्ध संस्थाहरूका तुलनामा सामाजिक क्षेत्रमा कार्यरत संस्थाहरू बढी जनसम्पर्कमा रहेका र जनस्तरमा जेजति देखिने गरी सकारात्मक प्रभाव छ, पन्थ सम्प्रदायका तुलनामा बढी छ।

## २. नेपाल, उत्तर र पूर्वोत्तर भारत

सामाजिक सांस्कृतिक अध्येताहरूले नेपाल र उत्तर एवं पूर्वोत्तर भारतलाई एकै सांस्कृतिक परिवारका मानेर अध्ययन गरेका छन् र तिनमा प्रमुख सुनीतिकुमार चटर्जी हुन्। नेपाल र भारतको अन्तर्सम्बन्ध प्रवर्द्धन गर्नमा लिच्छवि र मल्लहरूले विशिष्ट योगदान दिएका छन् । लिच्छविहरू आफ्ना आराध्यहरूसहितै नेपाल आए र यहीं स्थायित्व प्राप्त गरे । यसो गरिरहँदा उनीहरूले नेपाल उपत्यकामा पुरातन परम्परालाई निरन्तरता दिएको पाइन्छ। वास्तवमा प्राचीन र मध्यकालीन सामाजिक सांस्कृतिक आदान प्रदानको चर्चा नगरी वर्तमानलाई हेर्दा एकांगी हुन जाने भएकाले मैले प्राचीन र मध्यकालीन प्रसंग जोडेर यस अध्यायमा प्रवेश गरेको हुँ, यद्यपि ऐतिहासिक र प्रागऐतिहासिक कालका प्रसंग यस अध्ययनको कार्यादेशभित्र पर्दैन ।

उत्तर र पूर्वोत्तर भारतका सबै भाषाभाषी, सामाजिक चालचलन र उही सांस्कृतिक भावधारा भएका मानिस नेपालमा छन् । यसबारे डिल्लीराम रेग्मीले आफ्नो पुस्तक एन्सियन्ट नेपालमा सविस्तार चर्चा गरेका छन् । यसलाई यसरी पनि भन्न सकिन्छ, नेपालकै जस्ता मान्छे भारतमा पनि यत्रतत्र, विशेष गरेर, पूर्वोत्तर उत्तर भारतमा छन् । राजनीतिलाई मात्र एकैछिन् पन्छाइ हेरे उनै मान्छे यता र उता दुबैतिर विस्तारित भएको प्रतीत हुन्छ। त्यस्तै देवीदेवताको कुरा छ। यताका देवीदेवता उता छन्, उताका यता छन् । त्यतिमात्र होइन, एकातिरमात्र दर्शन गर्दा त्यसलाई अपूर्ण मानिन्छ। दर्शन दुबैतर्फ गर्नै पर्छ।

जस्तै तन्त्र परम्पराले नेपालका शक्तिपीठहरू र असमका विशेष गरेर कामाख्यालाई परापूर्वकालदेखि नै जोडेको छ। पूर्वोत्तर भारतका सिक्किम, अरूणाचल  यता नेपालका बौद्ध मार्गीहरूबीच विशिष्ट समानता र आदान प्रदान रहेको छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी आउने बौद्ध मार्गीहरूमा सिक्किम र अरूणाचलका मानिस प्रमुख छन्। नेपाल र भारतमा स्थित तीर्थस्थलहरूले केवल हिन्दूहरूलाई मात्र होइन, बौद्ध मार्गीहरूलाई पनि जोडेको छ । फेरि, लुम्बिनी आउने बौद्ध मार्गी विहार स्थित बौद्ध गया तथा उत्तर प्रदेश स्थित सारनाथ र कुशीनगर भ्रमण गरेकै हुन्छन् ।

उत्तराखण्डमा पूर्णागिरि माताको दर्शन गरेपछि सुदूर पश्चिमको सिद्धनाथ मन्दिरमा दर्शन गर्नैपर्ने प्रथा छ। नेपालमा डोलेश्वर महादेव र भारतमा केदारनाथलाई बैल स्वरूप भगवान शिवको शरीरका शिरोभाग (डोलेश्वर महादेव,भक्तपुर) र पृष्ठभाग (केदारनाथलाई) मान्ने विश्वास रहेको छ। भारत स्थित चार धाम र बारह ज्योर्तिलिङ को दर्शन गरेर पशुपति दर्शन गर्नैपर्ने मान्यता छ। नगर्दा त्यसलाई अपूर्ण मानिन्छ।

भारत, उत्तर प्रदेश अवस्थित अयोध्या र नेपालको मधेश प्रदेशमा स्थित जनकपुरधाम क्रमशः भगवान राम र देवी सीताका जन्मभूमि हुन्। रामभक्तको भक्ति देवी सीताको स्मरण बिना सार्थक हुँदैन। अयोध्याको महिमा जनकपुरधामको प्रसंग बिना पूर्ण हुँदैन। दुवैतर्फ मिथिला छ। अर्थात् मिथिलामाथि रेखा छ। यसले मिथिलालाई दुई भिन्न राज्यमा वितरित गरेको छ। दुबै तर्फका स्थानीय निवासीहरूसँग संवाद गर्दा के पाइयो भने पारस्परिक सम्बन्धमा सिमाना छैन तर सीमा व्यवस्थापनका नाममा दुबैतर्फबाट मानिसले सास्तीचाहिं झेलिरहेका छन्। साथै स्थानीयबाट सुनिने गुनासो त के पनि छ भने धार्मिक प्रयोजनका लागि हुने आवत जावतमाथि पनि प्रतिकूल प्रभाव परिरहेको छ।

ऐतिहासिक र धार्मिक सांस्कृतिक धरोहरहरू साझा हुन्। जस्तै विहारको गयामा बुद्धत्वमा उक्लिएका सिद्धार्थ गौतमको जन्मस्थान नेपालको लुम्बिनी प्रान्तको लुम्बिनी हो र प्रान्तको नामकरण यसलाई बुद्धभूमिका रूपमा चिनाउन गरिएको हो। तर लुम्बिनी सम्झिरहँदा साथसाथै बोधगया र सारनाथ पनि सम्झनुपर्छ भन्ने भावलाई राज्यले भन्दा पनि यताउता नागरिक संघ-संस्थाले जीवन्त राख्नुपर्ने हुन्छ।

नेपाल र भारतका बीचमा एउटा राजनीतिक रेखा छ। सांस्कृतिक हिसाबले यो रेखाले खासै अर्थ राख्दैन, विशेष गरेर सीमान्त क्षेत्रमा बस्ने मानिसका लागि। रेखापारी नाकामा सीमा सुरक्षा बल, वारी सशस्त्र प्रहरी छ। भन्सार छन्, यता उता। अचेल कतिपय नाकाहरूमा हेल्प डेस्कका नाममा मानिसको परिचय खुलाउने कागजात खोज्न थालिएको छ। यसले दुई देशबीचमा कुनै भौतिक तार बार नभए पनि, सीमान्त क्षेत्रमा मनोवैज्ञानिक तार बार खडा गरिरहेको गुनासो सुनिन्छ।

यो वास्तवमा सांस्कृतिक सम्बन्धमाथि क्रमशः राज्य हावी भइरहेको अवस्था हो। वास्तवमा यी दुई (नेपाल र भारत) बीच राज्य भन्ने एकाइ हुँदा परस्पर फरक भएका हुन्। यद्यपि उपासना पद्धतिका हिसाबले शैव, वैष्णव, शाक्तका विभिन्न धारहरू भारतमा जस्तै नेपालमा उस्तै छन् तर सम्बन्धमाथि राज्यहरू हावी हुँदा यताउता भन्ने भाव क्रमशः बढिरहेको छ। सांस्कृतिक सामिप्यलाई राज्यले अरू सहज र व्यवस्थित बनाउनु पर्छ, सामिप्यका सन्दर्भमा बाधक बन्नु हुँदैन, बरु सहजकर्ता बन्नुपर्छ। किनभने दुबैतर्फ उस्तै सनातनी छन्। त्यस्तै बौद्ध, किरात निर्भेद रूपमै यता उता दुबैतिर छन्। हुन त बौद्ध पनि बुद्धकै भाषामा, एस धम्मो सनन्तन भनेपछि सनातन धर्मावलम्बी नै हुन् (भगवान बुद्धका उपदेश)।

तर कतिपय बौद्ध मतावलम्बीहरू यो मान्न चाहँदैनन्। त्यसैले यस विषयमा यहाँ शास्त्रार्थ नगरौं, बौद्ध समुदायका मानिस आफूलाई जसरी चिनाउन चाहन्छन् त्यसरी नै चिनौं। प्रसिद्ध अध्येता सुनीति कुमार चटर्जी ब्राह्मणिक, जैन र बौद्ध तीन थरीलाई मिलाएर हिन्दू भन्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्थे। उनले त अझ शिखलाई पनि हिन्दू नै भनेका छन् (किरात जन कीर्ति)। वास्तवमा देशज शिक्षा पद्धति विस्तारै विस्थापित हुँदै गएको, आक्रान्ताहरूले निर्माण गरेको भाष्य र संकीर्ण जातीय राज्य अवधारणाद्वारा परिपोषित राज्य प्रथाको विस्तारका कारण यता पनि क्याथोलिक र प्रोटस्टेन्ट भिन्न हुन् भनेजस्तै एकै भारतवर्षीय धर्मसंस्कृतिका शाखा उपशाखालाई भिन्न वृक्ष भन्नुपर्छ भन्ने जिकिर गर्न थालियो र त्यही अवधारणालाई स्वीकार्ने प्रचलन स्थापित भएको छ।

भारतका सनातनी हुन् अथवा बौद्ध पूजा पद्धति, नेपालकै जस्ता छन्, केही स्थानिक अन्तरसहति। उही संकल्पहरू छन्। मठमन्दिरमा एकै खाले प्रतिमा स्थापित छन्। स्थानिक उपासना पद्धतिमा समेत वृहत्तर सांस्कृतिक विरासतको छाप प्रस्टै देखिन्छ। जस्तै, गुरुङ, तामाङ र शेर्पाका लोह्छारमा स्थानिक पद्धतिमा बृहत्तर उपमहाद्विपीय प्रभाव परेकै छ।

यथार्थमा बौद्ध, किरात एवं हिन्दूबीच परस्पर आवरण फरक देखिए पनि भित्री एउटै छ। यिनीहरू एकअर्काका स्पर्धी होइन पूरक हुन्। नेपालका पर्वतीय भूभागमा बस्ने र भारतका दार्जीलिङ, कालिम्पोङ तथा सिक्किममा बस्ने

मानिसका पूजा उपासना एउटै छन् । यथार्थ चाहे दक्षिणबाट उत्तर हेर्नुहोस् अथवा उत्तरबाट दक्षिण अथवा पूर्वबाट पश्चिम कि पश्चिमबाट पूर्व बीचमा केवल दश गजा छ, अरू सबै एउटै छन् । मटिहानी र मध्वापुरलाई केले फरक पारेको छ, दश गजाबाहेक ! इलाम र मिरिकलाई केले छुट्ट्याएको छ, केले अलग भन्छ, डडेलधुरा र पिथौरागढलाई, सिवाय दशगजा ! दुबै परस्पर संवादरत छन् ।

भारतका तीर्थहरूमा नेपाली पण्डाहरूको व्यवस्था र पशुपतिनाथमा दक्षिण भारतका भट्ट पुजारी छन् । यो परस्पर आदान प्रदान विशिष्ट छ । यसलाई अझ सघन र प्रगाढ बनाउँदै लानुपर्ने हुन्छ र त्यसका लागि भइआएको पहलभन्दा बढी पहलको आवश्यकता छ किनभने यी परम्पारालाई बिथोल्न चाहने तत्वहरू पनि त्यतिकै सक्रिय भइरहेका छन् भन्ने विचारहरू पनि अन्तर्क्रियामा व्यक्त भएका थिए ।

परम्परागत रूपमा मानिआएका देवी देवताहरू उताउता उनै  छन् । पछिल्लो समयमा, विशेष गरेर भारतमा बेलायती शासनविरुद्ध जागरणकालमा गज्जबको आध्यात्मिक नवोन्मेष उद्दिप्त भएको देखिन्छ । सन् १८५७ को स्वतन्त्रता संग्राम दबाइएपछि भारतमा आध्यात्मिक पुनर्जागरणको नयाँ दौर प्रारम्भ भएको देख्न सकिन्छ । गोरी, खिलजी, तुगलक र मुगल आक्रान्ताहरूद्वारा करीब पाँच सय वर्ष तथा युरोपीय शासकहरू समर्थित व्यापारीहरूका अधीनस्थ रहँदा भारतको चेतना समेत प्रतिबन्धित भएको अवस्था थियो । त्यसबेला नेपालमा त्यस्तो कुनै प्रतिबन्ध थिएन किनभने नेपालले विधर्मी आक्रान्तहरूबाट शासित हुनु परेन ।

विधर्मी आक्रान्ताहरूबाट शासित नहुँदा जोगिएका नेपाली सास्कृतिक परम्परा, शास्त्र, तीर्थस्थल बृहत्तर हिन्दु र बौद्ध समाजकै साझा निधि हुन् ।

गौतम बुद्धको निर्वाणपछि बौद्ध मतको प्रभाव, सम्राट अशोकद्वारा बौद्धलाई राजकीय मत बनाएपछि वैदिक मत, जसलाई ब्राह्मणिक मत पनि भनिन्छ, यसको प्रभावमा शिथिलता आएको थियो । धेरैपछि आद्य शंकाराचार्यद्वारा अद्वैत वैदिक सनातन विश्वासको पुनःप्रतिष्ठा भएपछि निलगिरिदेखि गांगेय मैदानसम्म बौद्ध मत अवलम्बन गर्ने अभियानले विश्राम

लिन पुग्यो । नेपालमा भने नवोदित ब्राह्मणिक मतको विस्तार हुनु अगावै हिन्दू र बौद्ध मार्गबीच सामञ्जस्य र क्रमशः समागम भएको पाइन्छ । यो पारस्परिकतालाई लिएर निजी रूपमा अध्ययन त भइरहेको छ तर संस्थागत हिसाबले अध्ययन भइरहेको पाइँदैन । हिन्दू र बौद्ध मार्गलाई नेपालमा जस्तो सुन्दर तरिकाले कतै पनि जोडिएको छैन । नेपालका विशेष गरेर उपत्यका र यसको प्रभाव क्षेत्रको सामाजिक सांस्कृतिक व्यवस्था नेपाल भारतकै साझा पूँजी हुन् ।

त्यस्तै, नेपालको सरहद पार बंगालमा सन् १८२८ मैं गुरुदेव रविन्द्रनाथ ठाकुरका हजुरबा द्वारकानाथ ठाकुर र राजाराम मोहन रायको सक्रियतामा ब्रह्म समाजको स्थापना भएको र ब्रह्मसमाजको प्रभाव नेपालमा पनि परेको थियो । त्यस अघि मुगल शासनकै बेलामा बंगालबाट वैष्णव महाअभियान प्रारम्भ भएको थियो, चैतन्य महाप्रभुद्वारा । यी अभियानहरूको प्रभाव नेपाल क्षेत्रमा निरन्तर परी नै रह्यो । त्यस्तै तुलसीदासको रामभक्ति र सुरदासको श्रीकृष्ण प्रेमको विस्तार, उनीहरूको जीवनकालमै यता पनि भएको हो । मीराको भक्ति र सन्त कबीरका दोहाले तत्कालीन नेपाललाई विविध अर्थमा छोएकै थियो । स्वामी दयानन्द सरस्वतिको आर्यसमाज र रामकृष्ण परमहंसका अनुयायी स्वामी विवेकानन्दको अद्वैत मतको प्रचार प्रसार नेपालमा भएको र भइरहेको छ । लोकजागरण र आध्यात्मिक उत्थान, योग साधनाका क्षेत्रमा विविधीकरण भएका संस्थाहरू सक्रिय रहेका छन् उताजस्तै यता पनि ।

### ३. अद्वितीय अर्थात् प्राकृतिक आत्मीयता प्रेरित सम्बन्ध

पहिलो अनुच्छेदमैं मैले नेपाल भारतबीचको सम्बन्धलाई अद्वितीय भनेर उल्लेख गर्नाको तात्पर्य यी दुई देशबीचको सम्बन्धलाई अद्वितीय भनिरहँदा के कस्ता कारणले अद्वितीय भनिएको हो भन्ने विषयमा विशद विमर्श आवश्यक हुन्छ भन्न पनि खोजेको हुँ । त्यही विमर्शका लागि यो परिसंवाद-प्रधान अध्ययन प्रारम्भ गरिएको हो । यसको केन्द्रीयभावमा सामाजिक सांस्कृतिक अन्तरसम्बन्ध आबद्ध यथार्थ छ । यही अन्तरसम्बन्धले दुई देशका जनता परस्पर, नछुट्टिने गरी अर्थात् प्राकृतिक हिसाबले नै अनुबन्धित छन् । यसै अनुबन्धका कारण आत्मीयता छ । यही प्राकृतिक आत्मीयताकै कारण दुई देशबीचको सम्बन्धलाई अद्वितीय भनिएको हो । अतुल्य भनिएको हो । निश्चय नै आत्मीयता नहुँदा पनि, औपचारिकतावश सम्बन्धलाई अद्वितीय भन्ने चलन नभएको होइन । भन्ने गरिन्छ तर त्यो फगत कर्मकाण्ड हो । जस्तैकि, नेपाल र संयुक्त राज्य अमेरिकाबीच अद्वितीय सम्बन्ध छ भनेर कूटनीतिक औपचारिकताका लागि भनिआइएकै छ । त्यो कर्मकाण्ड हो । अमेरिकासँग नेपालको सम्बन्ध पारस्परिक स्वार्थमा आधारित छ र हुनुपर्छ । रुस, जर्मनी आदि देशसित पनि सम्बन्ध अद्वितीय छ भनिइरहेको हुन्छ र उनीहरू पनि भन्छन् तर यथार्थचाहिं त्यस्तो हुँदैन । न उनीहरूको नेपालसँग अद्वितीय सम्बन्ध छ, न त नेपालको नै छ । अद्वितीय त परै कतिपय अर्थमा खासै महत्वको पनि हुँदैन ।

भारतको चाहिं कोसँग अद्वितीय सम्बन्ध छ ? भारतले, आफ्नो सरहद रक्षाका लागि के आफ्नै अरू छिमेकी भूटानी, बंगलादेशी, बर्मी, श्रीलंका निवासीलाई विश्वास गर्न सक्छ ? साँच्चै भनौं उसले भारतीय अनि नेपालीबाहेक कसैमाथि विश्वास गर्दैन । किन अर्काको देशका मानिसलाई भारतले आफ्नो सरहद रक्षाको जिम्मेवारी दिएको छ र नेपालले पनि भारतीय सरहदको रक्षा गर्न नेपालीहरूलाई किन जान दिएको हो ? यो केवल कार्यालय, निजी घर अथवा व्यक्तिगत सेक्युरिटी गार्डको कुरा होइन, अर्काका देशको सीमा रक्षा गर्नु र त्यसका लागि ज्यान दिन तत्पर रहनु, दिनु लरतरो विश्वासको विषय होइन ।

नेपालीहरू भारतको पाकिस्तानसँग जोडिएको सीमाको मात्र होइन, चीनसँग जोडिएको सीमा समेतमा तैनाथ छन् जबकि चीनको साँध नेपालसँग पनि जोडिएको छ। भारतको चीनसँग कश्मीर र लद्दाखबाट उत्तराखण्डसम्म र पूर्वका सिक्किम तथा अरूणाचल प्रदेशमा साँध जोडिएको छ। उसका यी सरहदहरूको रक्षा भारतीयका साथै नेपालीहरूले पनि गरिरहेका छन् ।

यो विशेष सम्बन्धकै कारणमात्र सम्भव हुँदैन, आत्मिक भाव हुनुपर्छ । नेपालीहरूले ज्यानको बाजी राखेर भारतको रक्षा गर्नु र उताबाट विश्वास पनि गरिनु आफैंमा अद्वितीयताको परिचायक हो । किनभने कहीं न कहीं एकत्मता, आत्मिक सामिप्य हुनु पर्छ तब बल्ल यो स्तरको विश्वास कायम हुन्छ। कहीं न कहीं नेपालीलाई लाग्छ, भारतमाथि असुरक्षा हुँदा नेपाल पनि सुरक्षित रहँदैन ।

यो भूगोलको सुरक्षाको विषयमात्र होइन, दुबैका साझा सामाजिक मूल्य, सांस्कृतिक सम्पदा र आस्था समेत असुरक्षित हुन्छन् भन्ने हो । वर्तमान नेपाल र भारत अस्तित्वमा नहुँदैदेखि र ती मानिस बीच राष्ट्रिय सीमा थिएन । दुबैतिर वर्तमानमा रहेका तीर्थस्थलहरू थिए । वास्तवमा लिच्छविकालमा नेपालले सांस्कृतिक राष्टको स्वरूप धारण गरेको हो भन्दा फरक पर्दैन । त्यसपछि मल्लकालमा त्यसको निरन्तरता रह्यो। उता युरोपमा परस्पर द्वन्द्व व्यवस्थापनका क्रममा वेस्टफालियामा भएको सन्धिका आधारमा राष्ट्रराज्य अवधारणाले क्रमशः वैश्विक मान्यता प्राप्त गऱ्यो । फलस्वरूप, विस्तारित राष्ट्रका सीमाहीन विस्तारलाई राज्यमा सीमाबद्ध गर्न थालियो। निश्चय नै राज्य निश्चित भूभागमा परिबद्ध हुन्छ तर राष्ट्र राज्यमैं सीमित भएर रहँदैन । यस अर्थमा नेपाल राष्ट्र नेपाल राज्यको सरहदमा सीमित छैन। यो प्राचीनकालदेखि नै भारतका विभिन्न भागसम्म विस्तारित भइरहेको हो । त्यसरी भारतवर्षीय राष्ट्र उपमहाद्वीप र यसभन्दा पनि परसम्म विस्तारित भएको हो । वर्तमान इन्डोनेसियासम्ममैं भारतीय राष्टको विस्तार भएको थियो तर त्यसलाई भारत राज्यको अंग भन्न मिल्दैन । नेपाल त झन् भारतवर्षीय संस्कृतिको एक उद्गमस्थल नै हो र भारतका विभिन्न सांस्कृतिक स्थलहरूसँग सघन अन्तर्क्रिया भइरहेको हो ।

लिच्छवि र मल्लहरू मूलतः मगध प्रदेशबाट एवं शाह वंशीय राजाहरू मध्य र पश्चिम भारतका प्रदेशहरूबाट नेपाल भित्रिएका र किरातवंशीहरूसँग सम्बन्ध गाँस्दै उनीहरूको स्थानीयकरण भएको भन्ने विद्वत् मत रहेको छ। यसरी नेपालको शासकीय संस्कृतिले आफ्नै प्रकारले आकार लियो। वर्तमान भारतका भूभागमा बस्ने मानिससित पनि त्यतिकै अन्तर्क्रियारत रह्यो र जनस्तर पनि त्यसरी नै पारस्परिक आदान प्रदानमा रह्यो। किरात, लिच्छवि, शाह, मल्ल, आर्यावर्तीय ब्रह्मणलयायत विविध जाति, भाषाहरू परस्पर अन्तर्क्रियारत रहँदा नेपाल समाजले आफ्नै स्वरूप धारण गर्‍यो। त्यसैले यो ठ्याक्कै भारतीय समाज जस्तै नभए पनि मिल्दोजुल्दो छ। सारमा उस्तै भए पनि प्रदर्शनमा भिन्न प्रतीत हुन्छ।

स्थानीयताका हिसाबले फरक छ तर विश्वनाथ, सोमनाथ, रामेश्वरम्, द्वारका र मुक्तिनाथ, पशुपतिनाथ, जनकपुरधामबीच, पहिलेकै परिच्छेदहरूमा चर्चा गरिएझैं कुनै सरहद छैन र हुनु पनि हुँदैन तर राजनीतिक रूपमा भिन्न देश भएकाले एकअर्काको भूक्षेत्रमा परेका साझा सांस्कृतिक आध्यात्मिक केन्द्रहरूको सुरक्षा दुबैतर्फको जिम्मेवारी हो। यहाँ थप के पनि भन्न आवश्यक छ भने एउटा नेपाली जब वैष्णो देवी, अमरनाथको दर्शन गर्न जान्छ, उसले आफ्नै देशभित्रै छु भन्ने मान्छ। भारतको राजनीतिक भूक्षेत्रमा अवस्थित कुनै पनि तीर्थस्थलमा दर्शन गरिरहँदा ऊ आफूलाई विदेशी भूमिमा छु भन्ने मानिरहेकै हुँदैन। ठीक यही भावभाषा भारतबाट नेपाल अवस्थित तीर्थस्थलमा आउनेहरूका लागि समेत प्रयुक्त हुन्छ। नेपालीले भारतमा आफूलाई विदेशी हुँ भन्ने ठान्दैन र भारतीयले नेपालमा स्वयंलाई पराइ मान्दैन।

त्यसैले भारतका भूगोल नै जोडिएका चीन, पाकिस्तान, बंगलादेश, भूटान, बर्मा र रामसेतुले जोडेको श्रीलंका र अरब सागरस्थित मालद्वीभसँगको सम्बन्ध नेपालसँग जतिकै आत्मीय पक्कै छैन। यहाँसम्म कि आफैंबाट छुट्टिएका पाकिस्तान र बंगलादेश पनि जनस्तरमा उसका लागि नेपाल जति नजिक र आत्मीय छैनन्। अर्थात् यी दुई देशबीचको सम्बन्ध अतुल्य रूपमा विशिष्ट छ र यस विशिष्टतालाई जनाउन **अद्वितीय** विशेषण प्रयोग गरिएको हो। बढी

भौगोलिक सिमाना जोडिदा सम्बन्ध आत्मीय हुँदो हो त भारतको बंगलादेशसित करिब ४१५० किलोमिटर, चीनसित करिब ३५०० किलोमिटर, पाकिस्तानसँग ३२०० किलोमिटर सिमाना गाँसिएको छ। बर्मासित १६०० किलोमिटर तथा भुटानसँग करिब ७०० किलोमिटरको सिमाना जोडिएको भूमि छ। श्रीलंका र मालद्वीभसँग समुद्री सीमा छ। तात्पर्य के भने सरहदी सामिप्यमात्रै आत्मीयताको कारक होइन, न त भाषिक र रहनसहनले मात्र दुई देशलाई आत्मिक रूपमा नजिक बनाउँछ।

भारतको बढी भाषिक सामिप्य बंगलादेशसित छ, उत्तर पश्चिममा पाकिस्तानसँग छ। एकातिर सरहद वारपार धेरैजसो स्थानमा दुबैतर्फ बांग्ला बोलिन्छ, अर्कोतिर पंजाबी। सरहद जोडिएको हिसाबले हेर्ने हो भने भारतका लागि सबैभन्दा बढी बंगलादेश आत्मीय हुनुपर्ने हो, पाकिस्तान हुनुपर्ने हो। तर त्यस्तो छैन। यसको उत्तर के हो भने भाषिक, भौगोलिक सामिप्यका साथै, अझ सांस्कृतिक सामाजिकका साथै देशहरू समान आस्थाद्वारा अनुबन्धित छन् भने त्यस्तो सम्बन्ध आत्मीय हुन्छ, अद्वितीय हुन्छ। सामाजिक सांस्कृति र त्यसमा पनि धार्मिक आस्थाले, दुई देशलाई जनस्तरमै जोड्छ। आत्मैदेखि जोड्छ। नेपाल र भारतबीचको सम्बन्धमा यी यावत् तत्व छन्। आत्मीयतालाई चाहिने सबै तत्व छन्।

## ४. सीमा बिर्साउने सम्बन्ध

सीमा बिर्साउने सम्बन्ध भन्ने शीर्षक निश्चय नै राजनीतिक रूपमा गलत हो । नेपाल र भारत छुट्टै मुलुक हुन् । दुबै देशलाई, सन् १८६० मा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणा र भारतका बेलायती शासक बीच भएको सीमा सम्बन्धी समझदारीपछि, सिमानाले नै भौतिक रूपमा छुट्ट्याएको छ । सन् १९४७ मा भारत बेलायती शासनबाट स्वतन्त्र भएपछि, भारतले आफ्नो संविधान लेख्यो र त्यसलाई सन् १९५० जनवरी २६ बाट मूल कानूनका रूपमा लागू गऱ्यो । नेपालले भने अहिलेसम्ममा मुख्य रूपमा चारवटा संविधान (संवत् २०१५, २०१९, २०४७, २०७२) लेखेको र पछिल्लो संविधानचाहिं संविधानसभाले लेखेको हो । तात्पर्य के भने दुबैबीच सीमा बिर्साउने सम्बन्ध छ भन्नुको तात्पर्य व्यक्तित्व फरक होइन भन्ने होइन ।

दुबैका आ-आफ्नै संविधान छन्, झण्डा र व्यक्तित्व छन् । राष्ट्रिय चिह्न फरक छन् । तर जति नै उच्च स्वरले यी दुई फरक देश हुन् भनिरहे पनि दुई देशका मानिसबीचचाहिं सिमाना बिर्साउने सम्बन्ध छ । सिमाना बिर्साउने सम्बन्धको कारण भौतिक सामिप्य र आर्थिक निर्भरतामात्र होइन, यहाँ फेरि पनि माथि भनिएकै कथन दोहोऱ्याउनुपर्ने हुन्छ । कारण हो आत्मीयता र आत्मीयता सभ्यता निःसृत हो र सभ्यतामा आबद्धताको निरन्तरता पनि हो । यहाँ फेरि भनौं भारतको वंगलादेश, पाकिस्तानसित पनि साझा सभ्यताको सम्बन्ध हुनुपर्थ्यो र भन्नलाई उनीहरू भन्छन् पनि । तर नेपाल र भारतजस्तो कोटीको सम्बन्ध किमार्थ छैन ।

भारतीय उपमहाद्वीपका सभ्याताका दुई प्रमुख केन्द्र, तक्षशिला र सिन्धु घाटीको सभ्यता आज पाकिस्तानको सरहदभित्र पर्छन् तर ती भारतीय सभ्यता अन्तर्गत पर्छन् । पाकिस्तानसित सभ्यताको निरन्तरता टुटेको छ । सांस्कृतिक अर्थमा पाकिस्तानको विरासत एकदमै कमजोरमात्र होइन भारतसित अतिशय द्वेष र द्रोह दुबै भाएका कारण सभ्यताको अर्थमा पाकिस्तानको सभ्यतागत वजूद (आत्मिक अस्तित्व) छायामा परेको छ । यसो भनेर मैले पाकिस्तानको अस्तित्व नै नकारेको होइन तर सन् १९४७ मा भारतबाट छुट्टिएर बनेको पाकिस्तानले

उपमहाद्विपीय सभ्यतालाई प्रतिनिधित्व गर्न सकेको छैन भनेको हुँ । कुनै घोर राष्ट्रवादीले नमाने पनि सत्य के हो भने उपमहाद्विपीय सभ्यताका केन्द्र भारत र नेपाल नै हुन् ।

यहाँ पनि बारम्बार भनिएको छ, आधुनिक राजनीतिक भारत अस्तित्वमा आउनुभन्दा धेरै पहिल्यैदेखि नेपाल र भारतबीच सभ्यतागत सम्बन्ध छ। सम्बन्ध अविच्छिन्न छ। मैले आधुनिक राजनीतिक भारत किन भनेको हुँ भने भारत सन् १९४७ मा निर्मित होइन, विश्वका प्राचीतम सभ्यतामध्ये एक हो र त्यही बृहत्तर भारतवर्षीय सभ्यताको साझा जमीनमा नेपाल नामक विशिष्ट पहिचान पनि छ र यस पहिचानको अविच्छिन्न निरन्तरता छ।

विभिन्न आक्रान्ताहरूबाट करीब ७ सय वर्ष शासित वर्तमान राजनीतिक भारत स्वतन्त्रतासँगै तीन टुक्रामा विभाजित भयो, इण्डिया आर्थात् भारत तथा पश्चिम र पूर्वी पाकिस्तान। त्यो विभाजनपछि यस उपमहाद्वीपमा परस्पर द्वेषपूर्ण द्वन्द्वको वीजारोपण भयो। पाकिस्तान एकजुट रहन सकेन। पूर्वीभाग बंगलादेश बन्यो। भारत पाकिस्तानबीच तीन पटक युद्ध नै भइसकेको छ, कारगिल युद्धलाई पनि गन्ने हो भने चार पटक भइसकेको मान्नुपर्ने हुन्छ। सन् १९७५ मा सिक्किम भारतमा विलय भएपछि यसको भूभाग, जनसंख्या (सामान्य नै सही) र सरहदको अरू विस्तार भएको छ।

फेरि सिक्किम भारतका अरू प्रान्तभन्दा भाषिक र जातीय हिसाबले पूर्वी नेपालकै विस्तारजस्तो भएर रहेको छ, जस्तो उत्तराखण्डसँग नेपालको सुदूर पश्चिम छ। पहाडी संस्कृतिका हिसाबले भारतको उत्तराखण्डलाई नेपालको सांस्कृतिक विस्तार भने हुन्छ तर स्थानीय संस्कृतिका हिसाबले भन्नु पर्दा, नेपालको सुदूर पश्चिम प्रकारान्तरमा भाषिक र जातीय हिसाबले कुमाऊँ-गढवालको बढी समीप छ। कुमाऊँ गढवाल सन् १८१६ पूर्व बृहत्तर नेपालकै सरहदभित्र थिए। सम्पूर्ण  हिमाली भेगमा लद्दाखदेखि अरूणाचलसम्म, बीचमा नेपाल र भूटान पर्छन् तर एकैकिसिमको जातिसंस्कृति र सम्प्रदायगत समानता छ, यसलाई हिमाली बौद्ध भन्न सकिन्छ।

नेपाल, सिन्धु र तक्षसिलाबाट भौगोलिक रूपमा धेरै टाढा भएर पनि ती सभ्यतामा आफूलाई देख्छ। किनभने ती सनातन सभ्यता हुन् र ती सभ्यतासँग आस्थाको आबद्धता छ । पाकिस्तानको सनातन आस्थासित सभ्यतासँग सम्बन्धविच्छेद भएको छ। पारस्परिक धार्मिक आस्थाविच्छिन्न भएको छ। नेपाल भने आस्था, मनोविज्ञान र प्राचीनका कारण भारतलेजस्तै तक्षशिला र सिन्धुघाटीको सभ्यतामा आफूलाई देख्छ।

## ५. भाषिक जातीय सामिप्य

भाषिक जातीय हिसाबले नेपालबाट भारततर्फ हेर्दा चार प्रकारका जातीय भाषिक निरन्तरता परिलक्षित हुन्छ। पहाडी भारोपीय भाषा परिवारसँग आबद्ध समुदायको सघनता नेपालको कर्णालीदेखि भारतको कश्मीरसम्म देखिन्छ भने यसको विस्तारण नेपाल र भारतका पूरै महाभारत श्रृंखलामा भर पाइन्छ । भोट बर्मेलीको विस्तारण नेपाल र भारतका हिमाली क्षेत्र, महाभारत शृंखला, असम सहित मिजोरमसम्मै छ। द्रविड परिवारसँग आबद्ध समुदाय नेपालका तराइसम्म आइपुगेका छन् । त्यसैगरी एस्ट्रो एसियाटिक परिवारसँग आबद्ध समुदाय पूर्वी नेपालदेखि पूर्वोत्तर भारतको मेघालयसम्म छन्।

यहाँ मैले यो प्रसंग किन उठाएको भने यो क्षेत्रमा, त्यसमा पनि विशेष गरेर नेपाल र पूर्वोत्तर भारतबीच जातीय भाषिक सामिप्य गम्भीर अध्ययनका साथै अन्तर्क्रियात्मक आबद्धता आवश्यक छ। वास्तवमा नेपाल भारतको सम्बन्ध भन्ना साथ केवल उत्तर प्रदेश, विहार र बंगाललाई मात्र हेरिन्छ। यसले समग्र सामाजिक आयमलाई प्रतिनिधित्व गर्दैन । सामाजिक सांस्कृतिक सम्बन्धकै कुरा गर्दा पूर्व, दक्षिण र पश्चिम तीनैतर्फको आदान प्रदान हेर्दामात्र वास्तविक तस्बिर देखिने हुन्छ। भारतका चटर्जी र नेपालका बाबुराम आचार्यले बाहेक जातीय, भाषिक नैरन्तर्यलाई हेरेको विरलै पाइन्छ । सामाजिक सांस्कृतिक आदान प्रदान सम्बन्धी अध्ययन फराकिलो बनाउन आवश्यक किन पनि छ भने भारतमा नेपालीहरूको सर्वाधिक संख्या पूर्वोत्तरमा छ। पश्चिममा सघन भाषिक निरन्तरता छ।

## ६. अनुपम सामिप्य

हाम्रा यी दुई देश केवल भूगोल होइन(न्), जीवन्त सांस्कृतिक धरोहर हुन् । सभ्यता पुञ्ज हुन् । हिन्दूकुशबाट दक्षिणपूर्व लागेर अराकानसम्म फैलिएका नगाधिराज हिमालयदेखि सिंहलदेश छिचोल्दै पुगेको सिन्धुपर्यन्तको यो भूमि विश्वकै प्राचीनतम ग्रन्थ ऋग्वेदको जन्मभूमि हो । षड्दर्शन (न्याय, वैशेषिक, सांख्य, योग, मिमांसा र वेदान्त) को कर्मभूमि हो । याज्ञवल्क्य, गार्गी, अष्टावक्र, जनक सदृशः ज्ञानपुञ्जद्वारा मन्त्रित यज्ञभूमि हो । श्रीराम र श्रीकृष्णका रूपमा स्वयं नारायण अवतरित भएको देवभूमि हो । सप्तसिन्धु, सिन्धु सभ्यता, गांगेय सभ्यता, द्रविड र किरात संस्कृतिको विरासत निर्मित सम्बन्धलाई केही संघ-संस्थाले के कति आत्मसात गर्न सकेका छन्, यो भिन्नै चर्चाको विषय हो तापनि यही विरासतकै जगमा यस उपमहाद्वीपको वर्तमान जीवन्त हुन सकेको हो । यही परम्पराका वंशज हामी यी दुई देशका नागरिक हौं ।

सिद्धार्थ गौतम जन्मेको स्थान नेपालमा अवस्थित छ, उनले बुद्धत्व प्राप्त गरेको गया, भारतमा छ एवं यसको नाममा बोध थपिएको पनि बुद्धका कारण हो । बुद्धले प्रथम उपदेश दिएको सारनाथ र उनको परिनिर्वाण स्थल कुशीनगर, लुम्बिनी नेपालमा गया, सारनाथ र कुशीनगर भारतमा छन् ।

जब हामी यति गम्भीर विषयमा प्रवेशै गरिसकेका छौं भने अरू गहिराइमा जाऔं । राष्ट्रको, राष्ट्रत्वको, पहिचानको इतिहासको र यी भन्दा पनि पर उत्पत्तिमै जाऔं । विश्वका प्राचीन सभ्यतामध्ये सिन्धु सभ्यता कसरी नष्ट भयो भन्नेबारे धेरै भ्रमहरू चिरिइसकेका छन् । त्यो सभ्यता मध्य एसियाबाट आएका आर्यहरूले नष्ट गरेका थिए भन्ने विमर्श धेरै वर्षसम्म चल्यो तर पछिल्ला खोज, अनुसन्धानले त्यो भाष्य खण्डित भइसकेको छ । प्राकृतिक कारणले त्यहाँबाट मानिस विस्थापित भएका थिए भन्ने तथ्य पुष्टि हुने क्रममा छ ।

खोज अनुसन्धान अगाडि बढिहेको र त्यसले आर्यहरूले सिन्धु सभ्यता नष्ट गरेको भन्ने असत्य भाष्य विस्थापित भएर सांस्कृतिक भारतवर्षका सबै सन्ततिहरू सिन्धुघाटीको सभ्यताकै वंशज हुन् भन्ने यथार्थ सत्यापित गरिरहेको छ । आर्य भनेको अनुवांशिकी समूह नभएर सभ्यता हो भन्ने कुरा अध्ययनहरूले

देखाएका छन् । उपमहाद्विपीय सभ्यताको एउटै मूल जरो छ, त्यसैबाट अरू ससाना जरा निस्किएका छन् र तिनै जराहरूका कारण भारतवर्षीय सभ्यताको वट वृक्ष उठेको, फैलिएको र झ्याँगिएको छ । सिन्धुघाटी, वैदिक, पौराणिक, बौद्ध, जैन, सिख र किराँत सभ्यता र सांस्कृतिक धाराहरू एउटा धराका उत्पत्ति हुन् । सिन्धुघाटीमा विकसित सभ्यता नै कालक्रममा गांगेय, नर्मदा र कावेरी सभ्यताका रूपमा विकसित भएको र तिनै सभ्यतामध्ये गांगेय सभ्यताकै एउटा शाखा नेपाल तराई र काठमाडौं उपत्यकाको वाग्मती सभ्यता हो । नेपालका सबै नदी अन्ततः गंगामै समाहित हुने र गंगाले नै यिनलाई महासागरसँग साक्षात् गराउने हुँदा नेपालका सबै ठूला साना सांस्कृतिक अभ्यासहरू बृहत्तर गांगेय सभ्यताकै अंग हुन् ।

सांस्कृतिक अभ्यास हिजोको आजै विकसित भएको, बनेको हुँदैन सामाजिक संरचनामा भूगोलको छाप परेकै हुन्छ । विकसित भइरहँदा, यत्तिकै हुँदैन, पर्यावरणकै काखमा समाज हुर्किइरहेको हुन्छ र समाज यत्तिकै हुर्किंदैन भाषा, संस्कृति, सभ्यतासँगसँगै परिपूरकका रूपमा विकसित भइरहेका हुन्छन् । स्थानीयता त्यहाँको भूगोल र पर्यावरणसँग मानवीय अन्तरक्रियाबाट आकारित हुने गर्छ । त्यसैले स्थानभाव पृथक हुँदैमा मूल नै फरक हो भन्नु अपण्डितको ढिपीमात्र हो, यथार्थ होइन । उपत्यकाको बाग्मती सभ्यता, कोशी सिंचित पहाडी र मधेशी सभ्यता, नारायणी, कर्णाली र महाकाली जस्ता स्थानीय सभ्यताहरू र भारतमा यिनै नदी सिंचित ससाना सभ्यताहरू एक विशाल आर्यावर्तीय भारतवर्षीय सभ्यताकै शाखा प्रशाखा हुन् ।

नेपालको भारतका पाँच प्रान्तहरूसँग साँध जोडिएको तथा भारतको नेपालका सातमध्ये छः प्रदेशसँग सिमाना टाँसिएको छ, जनजीवन परस्पर आबद्ध छ ।

## ७. सम्बन्धका विविध आयाम

नेपालको पश्चिममा अवस्थित भारतको उत्तराखण्ड प्रदेशसँग पश्चिममा नेपालको सीमा जोडिएको मात्र होइन, दुबैतर्फ भाषा, चालचलन हूबहू एउटै छ । उत्तराखण्डका सबै देवस्थलहरू बद्रीनाथ, केदारनाथ, गंगोत्री, यमुनोत्री, हरिद्वार, ऋषिकेश सबैलाई नेपालीहरू आफ्नै मान्छन् । दक्षिण पश्चिममा अवस्थित उत्तरप्रदेश नेपालीहरूको दोस्रो घर रहिआएको छ। काशी र कान्तिपुर दुबैबीचको अन्तरंग सम्बन्ध विश्वनाथ र पशुपतिनाथ जति नै पुरानो हो त्यसैले प्रशस्तै नेपालीहरू नेपालमै बसिरहँदा पनि आफूलाई काशीमै निवास गरिरहेको मान्छन् । अयोध्या, मथुरा, वृन्दावन, प्रयाग, गोरखपुर अधिकांशलाई कण्ठैमात्र होइन नेपालीहरू यी सांस्कृतिक केन्द्रसँग अत्मभावले आबद्ध छन् ।

वास्तवमा भारतको उत्तर प्रदेश र नेपालबीचको अन्तर्क्रियालाई दुई अपरिचितबीचको परिचय प्रसंग होइन, पारिवारिक वार्तालापका रूपमा बुझ्नुपर्छ । सिमानाबाट कोसौं टाढा भए पनि काशी र प्रयाग नेपाली जनजीवनका अभिन्न हिस्सा हुन् । लामो समयसम्म काशीका शैक्षणिक संस्थानहरू नै नेपालका प्राज्ञिक प्रशिक्षण स्थल रहेका हुन्, झण्डै झण्डै २०४६ सालसम्मै ।

नेपालमा संस्कृत विश्वविद्यालय नबन्दासम्म काशी विद्यापीठ र सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय (वाराणसेय संस्कृत विश्वविद्यालय) नै नेपालका संस्कृत पठनपाठनका केन्द्र रहेका थिए। नेपालका धेरै अग्रपंक्तिका शासक प्रशासकहरू काशी हिन्दू विश्वविद्यालय (बीएचयु) का उत्पादन थिए, पछिसम्मै र अझै पनि बीएचयुमा नेपाली शिक्षार्थीको सहभागिता छँदैछ । पछिल्लो समयमा दिल्ली, पूणे, बंगलुरु लगायत भारतका अन्य शैक्षणिक केन्द्रतर्फ नेपालीहरूको ध्यान आकर्षित भएको र नेपालमै प्रशस्तै उच्चशिक्षाका केन्द्रहरू स्थापित र विस्तारित भएका कारण काशीमा शिक्षा हासिल गर्ने क्रममा शिथिलता आएको पक्कै हो । काशीसँगको सम्बन्धलाई युगानुकूल अद्यावधिक नगरिएकोले पनि यस्तो अवस्था आएको हो ।

यसका साथै पछिल्लो समयमा विश्व व्यवस्थामा आएको परिवर्तनले नेपालीहरू भारतका अतिरिक्त विश्वका विभिन्न शिक्षा केन्द्रहरूतर्फ आकर्षित हुने क्रम

बढेको छ। नेपालकै उच्च शिक्षाका केन्द्रहरू पनि विद्यार्थी बाहिरिने क्रमका कारण संकटमा पर्ने अवस्था आइरहेको छ। पहिला स्थानीय र अहिले भूमण्डलीकरणका कारण व्यवस्थासँगै अवस्थामा परिवर्तन आइरहेको छ। समस्या कहाँनेर छ भने आइरहेको वैश्विक परिवर्तनकै स्तरको क्षमता र आकर्षण विकसित नगरी पूर्वस्थापित प्रथालाई निरन्तरता दिन सकिदैन भनेर नीति निर्माता र सक्रिय संस्थाहरूलाई बोध भइरहेको छैन।

शैक्षिक प्रयोजनले भारतभन्दा पर जाने अर्को कारण नेपालमा आइएनजियो, एनजियोतर्फ बढेको आकर्षण र विदेशीहरूसँगको सान्निध्यबाट पनि प्रभावित भएको हो। अझ प्रस्ट कारणचाहिं नेपालमा राजनीतिक खुलापनसँगै बढेको अंग्रेजी माध्यममा विद्यालयीय शिक्षा संस्थानमा वृद्धि र राहदानी प्राप्तिमा भएको सहजीकरण हो। वास्तवमा आन्तरिक र वैश्विक परिवर्तन अवश्यम्भावी छ भन्ने जानेर दुबै तर्फबाट तदनुरूप व्यवस्था नगर्दा शैक्षिक गन्तव्य फेरिएको हो। भूमण्डलीकरणको यस दौरमा, विशेष गरेर शैक्षिक क्षेत्रमा, नेपाल भारतबीच सहकार्यको अपेक्षित प्रबन्ध नभएकाले सन्तुलन बिग्रिएको र यसको प्रभाव नेपाली सोचाइमाथि परिरहेको छ। शैक्षिक सहकार्यलाई वास्तवमा सामाजिक सांस्कृतिक क्षेत्रमा काम गरिरहेका संस्थाहरूले प्राथमिकतामा राखेको, अन्तर्क्रियामा सुनिएन किनभने राखेकै प्रतीत भएन।

सामाजिक सांस्कृतिक संस्थाहरूले शिक्षाका क्षेत्र सहकार्यलाई प्राथमिकता नराख्नाका कारण नेपालमा भारतलाई भारतलाई नेपालमा चिन्ने परम्परामा व्यवधान आएको र यसको प्रभाव समाजका विविध क्षेत्रमा परिरहेको छ।

निश्चय नै मध्यदक्षिण र दक्षिणपूर्वमा अवस्थित भारतको विहार प्रान्त त नेपालको सांस्कृतिक साझेदार नै हो। नेपालीहरू विहारलाई आफ्नै मान्छन् किनभने नेपाल (त्यसमा पनि उपत्यका) र विहारको ऐतिहासिक सम्बन्ध छ। सभ्यतागत सम्बन्ध छ। लिच्छवि र मल्ल शासकहरू आजको विहारबाटै यता भित्रिएका हुन्। सेन वंशी राज्य यता उता दुबैतिर फैलिएको थियो। त्यो भन्दा पनि पुरानो तथ्य हो विक्रमपूर्व चौथोदेखि छैठौं शताब्दितिर विद्यमान सोह्र महाजनपदमध्येको वृज्जी गणराज्य। यो गणराज्य भएका बेला न आजको

जस्तो राजनीतिक नेपाल थियो, नत भारत नै । त्यस्तै सिद्धार्थ गौतमका पिता शुद्धोदनको राज्य शाक्य गणराज्यको विषय हो । यी बीचका सरहद धेरैपछि बनेका हुन् । सम्पूर्ण उपमहाद्वीप भारतवर्ष थियो र हो, साझा सांस्कृतिक धरा, वसुधा । यो बोध त छ तर यस बोधलाई वर्तमान सापेक्ष नबनाउँदा केवल नोस्टालजिया बनेर हुन्छ, यथार्थमा अनुदित हुँदैन ।

मटिहानीसँगैको मध्वापुर, जलेश्वरसँगैको भिट्ठामोडमा नेपालका सशस्त्र प्रहरी र भारतका सीमा सुरक्षा बलले राजनीतिक नेपाल र भारत चिनाएका छन् तर सिमानामात्रै बिर्सने हो भने, मैले माथि भनेजस्तै, दुबैतर्फ उही मान्छे छन् । भाषा, चालचलन सबै त एउटै छ । यताको मिथिला उतैसम्म फैलिएको छ । सेनवंशी राजाहरूका पालामा नेपालको दक्षिण र दक्षिणपूर्वी भूभाग र विहारको उत्तरभाग एउटै राज्य थिए । त्यसरी नै नेपालीहरूले बंगाल र सिक्किमलाई आफ्नो नमान्ने कुनै कारणै छैन । बीसौं शताब्दिको पूर्वार्द्धसम्म, देवनागरीका साथै बांग्ला लिपि पढ्ने नेपाली तेह्रथुम, पाँचथरतिर थिए र तिनलाई उत्तरार्द्धसम्मै भेट्न सकिन्थ्यो (मेरी मावली हजुर आमा प्रस्टैसँग बांग्ला महाभारत वाचन गर्नु र अर्थ लगाउनु हुन्थ्यो) । कालक्रममा काठमाडौं केन्द्री शिक्षाको विस्तार हुँदै जाँदा बांग्ला पढ्ने चलन हराउँदै गएको हो । उत्तर बंगाल र सिक्किमलाई राजनीति नमिसाइ भन्ने हो भने सामाजिक सांस्कृतिक हिसाबले पूर्वी नेपालकै भाषिक-सांस्कृतिक विस्तार मान्दा फरक पर्दैन ।

नेपालसँग सिमाना जोडिएका भारतीय प्रान्तहरू दुबै देशका दैनन्दिनीसँग पनि गाँसिएका छन् र निर्बाध आवत-जावत सुनिश्चित गरेर राजकीय प्रबन्धले समेत यसलाई मान्यता दिएको छ । पूर्वी नेपाल तथा भारतको पश्चिम बंगाल र असममा बसोवास गर्ने राजवंशी नागरिकताका हिसाबले छुट्टै देशमा बसोवास गरे पनि सामाजिक सांस्कृतिक हिसाबले एउटै हुन् । भारतको ओडिसा प्रान्तकी सन्थाल द्रौपदी मुर्मु भारतको राष्ट्रपति बन्दा नेपालका सन्थाल आफैं उच्चस्थानमा पुगेको अनुभूति नहुनुपर्ने कुनै कारण छैन । दुई देशबीच सिमाना बिर्सिइने धेरै प्रसंग छन् । यसर्थ सिमाना नजोडिएका प्रान्तहरूसम्म समेत पारस्परिकता छ । सामाजिक सांस्कृतिक अपनत्व छ ।

भारतका सबै प्रान्त नेपालीहरूलाई प्रिय छन् । प्रिय छन् किनभने धार्मिक, सांस्कृतिक दृष्टिले नेपाल पनि प्रकारान्तरमा भरतखण्ड नै हो, सांस्कृतिक भारतवर्षभित्रै हो तर राजनीतिक रूपमा एक स्वतन्त्र, सार्वभौम राष्ट्र । धार्मिक, सांस्कृतिक रूपमा एकै र राजनीतिक रूपमा भिन्न भन्ने यथार्थप्रति गम्भीर नहुँदा बेला बेलामा दुई देशबीच अमिलोपन आउने गरेको छ । यसका साथै, समानता र सामिप्यका सम्पूर्ण यथार्थ अस्वीकार गर्ने छद्म राष्ट्रवादका प्रबर्धक दुबै तर्फ छन् र तिनीहरूको पूर्णकालिक काम सत्यलाई नकार्दै दुबै देशवासीबीच फाटो ल्याउनु रहिआएको छ ।

यस अध्ययनको एउटा प्रयोजन यसर्थ नेपाल र भारत धार्मिक, सांस्कृतिक रूपमा एकै तर राजनीतिक रूपमा स्वतन्त्र, सार्वभौम एकाइहरू हुन्, यस विषयमा प्रस्टता आवोस् र नीति निर्माणमा यही भाव प्रतिबिम्बित हुन सकोस् भन्ने नै हो । जे यथार्थ हो, त्यसको ढाकछोप नहोस् भन्ने हो । जे हो त्यसैलाई आधार मानेर दुई देशबीचको सम्बन्ध विकसित होस् भन्ने नै हो । वास्तविकताको ढाकछोप नगरी स्थापित र विकसित सम्बन्धमा कृत्रिमता हुँदैन र फाटो पनि ल्याउँदैन । मतभेदहरू मनभेदमा परिणत हुँदैनन् ।

वास्तवमा नेपाल र भारतबीच जे होइन, त्यसलाई हो बनाएर प्रस्तुत गरिएको छ । जे हो त्यो लुकाइएको छ । दुई समान सांस्कृतिक धाराका राष्ट्रहरूबीच राज्यलाई प्राथमिकतामा राखिएको छ । विभिन्न कारण र बहानामा निर्बाधि आवत-जावतमाथि नियन्त्रणका उपकरणहरू प्रयोग गर्न थालिएको छ ।

यसरी जे हो त्यसलाई छायामा पार्दै दुई देशकै जनस्तरमा विद्यमान समरसता खल्बल्याउने भाष्यको निर्माणमा लागिपर्नेहरू कम सक्रिय छैनन् । दुई बीचको आत्मीयतामा संकुचन ल्याइँदैछ र यो संकुचनले परस्परमा दूरी ल्याउने, र त्यो दूरीलाई अझ बढाउने नियोजत प्रयत्न भइरहेको छ । यो नियोजित प्रयत्नमा राजनीतिक स्वार्थ त जोडिएको छ नै, नियतचाहिं परस्परको सामाजिक-सांस्कृतिक सम्बन्धमा बाधा उत्पन्न गर्नु र दुबैतर्फका जनता परस्पर टाढिदै जाने वातावरण बनाउनु हो । त्यो समरसता खल्बल्याउने भाष्य निर्माणको ध्येय नेपाल-भारतबीच परापूर्वदेखि विद्यमान सामाजिक-सांस्कृतिक अन्तर्संबन्धलाई

छायामा पार्नु हो ।  यस अध्ययनको ध्येयचाहिं समरसता खल्बल्याउने भाष्य विसर्जन गर्ने वातावरण बनाउनु र यथार्थमा आधारित सम्बन्धको जगमा पारस्परिकताको प्रबर्धन गर्नु हो । दुई देशबीच सामाजिक सांस्कृतिक क्षेत्रमा सेतुको काम गरिरहेका संघसस्थाहरू यस उद्देश्यमा सन्निहित भएर काम गरिरहेका छन् भने कसरी छन्, के गर्दैछन्, यसमा प्रबलता प्रदान गर्न के कसरी कार्यरत छन् भन्ने विषयको अध्ययन गर्नु यस परिसंवादको ध्येय हो । किनभने यसै धारामा पचासौं संघ-संस्थाहरू छन् र यदाकदा नेपाल र भारतबीच विद्यमान आत्मिक नातामाथि प्रहार हुँदा यिनै संस्था संगठनमध्येकै संस्थाहरूले त्यस्ता प्रहारबाट लाग्न गएका घाउ निको पार्न मद्दत नगरेका होइनन् ।

सकारात्मक रूपमा हेर्दा धार्मिक-संस्कृतिक रूपमा एकत्वभाव कायम राख्न र यसलाई अरू विकसित गर्न भारतमा उत्पत्ति भएका र उता समेत कार्यरत पचासौं संस्थाहरू नेपालमा क्रियाशील छन् र तीमध्ये १८ संघ-संस्थाहरूको योगदान उल्लेख्य रहेको छ। ती १८ मध्ये पनि ५-७ संस्थाहरूको कार्यले सम्बन्ध प्रवर्धनमा प्रभाव त पारेको छ। जनस्तरमै विचारको आदान प्रदान, पारस्परिक समरसता र एकत्वभाव, सहनिवास र सहभोजनले दुबै थरिलाई एकै परिवार बनाएको कुरा जतिसुकै बयान गरे पनि दुबै तर्फका नीतिमै प्रतिबिम्बित हुने गरी काम हुनु अवश्यक छ।

## ८. आफ्नै भूमिमा भएको अनुभूति

पछिल्लो समयमा विभिन्न स्वार्थ समूहद्वारा नेपाल र भारतलाई सांस्कृतिक रूपमै पृथक देखाउन खोजिएको भए पनि जनस्तरको साामाजिक सांस्कृतिक सम्बन्ध यति प्रगाढ छ कि दुबै देशका निवासी एक-अर्काको देशलाई पराई मुलुक मान्दैनन् । विशेष गरेर भारतीय तीर्थयात्रीहरूलाई नेपालका तीर्थहरूमा दर्शन गरिरहँदा किंचितमात्र पनि अन्य देशमा भएको अनुभव हुँदैन । आफ्नै देशको सुगन्ध उनीहरूले नेपालमा समेत पाउँछन् । परापूर्वदेखि कायम यस्तो अपनत्वमा, निश्चय नै केही खलल पुग्ने, अशोभनीय व्यवहार यता उता दुबैतिर हुने गरेको छ। श्राद्ध गर्न गया गएका नेपालीहरूमाथि त्यहाँका पण्डाले गर्ने शोषण, गोकुलका पुजारीहरूको दुर्व्यवहार र अरू पनि उत्तर भारतका तीर्थस्थलमा नेपालीहरू लुटिने गरेका घटना भइरहन्छन् । उत्तर प्रदेश, विहार र असमका पुलिस यस मामिला धेरै नै बदनाम छन् ।

त्यसै गरी भारतीय तीर्थयात्रीहरूमाथि नेपालका गाइड, गाडी व्यवसायी, होटल व्यवसायी र कतिपय प्रहरीहरूबाट हुने गरेका अप्रिय व्यवहार जानकारी बाहिर छैनन्। कुनै पनि भारतीय पाहुनामाथि नेपालमा हुने दुर्व्यवहारले पाहुना विशेषको नजरमा मात्र होइन दुई देशबीचको समरसता नै बिथोल्छ र भारतमा नेपालीमाथि हुने दुर्व्यवहारले, सामाजिक संघ-संस्थाले जति नै समर्पित भएर काम गरे पनि मनोविज्ञानमै असर गर्छ र गरेको छ। मुक्तिनाथ जाने भारतीय तीर्थालु धेरै नै ठगिन्छन् भन्ने गुनासो सुनिने गरेको छ। नठगिने व्यवस्था मिलाउनु राज्यका साथै सम्बन्धित संघसंस्थाहरू, ट्राभल एजेन्सीहरूको पनि हो। बौद्ध स्तूपा हेर्न आउने भारतीय पर्यटकहरूबाट कर असुलिन्छ भन्ने समेत गुनासो छ। नेपालका तीर्थस्थलहरूमा भारतीयलाई नेपाली सरह नै व्यवहार गर्नु पर्छ, यो धार्मिक सांस्कृतिक विषयमात्र नभएर वैधानिक विषय हो । नेपालीलाई भारतमा र नेपालमा भारतीयलाई आफ्नै देशका नागरिक सरह व्यवहार गर्नु पर्छ ।

## ९. साझा गन्तव्य

हाम्रा देवताहरू साझा छन् । तीर्थहरू साझा हुन् । त्यसैगरी धार्मिक आध्यात्मिक संघ-संस्थाहरू पनि साझा हुन् । पशुपतिनाथ र केदारनाथ, विश्वनाथ र सोमनाथ, मुक्तिनाथ र बद्रीनाथ, जनकपुरधाम, अयोध्या, मथुरा, वृन्दावन, जगन्नाथ पुरी, द्वारिकाधीश, वैष्णोदेवी, कामाख्या, पिण्डेश्वरसँग दुबैतर्फ सम्बन्ध अटूट छ । साथ-साथै युगानुसारका नयाँ संस्थाहरूको पनि उदय भएको छ । नयाँ संस्थाहरुबारे केही सूचना र व्याख्यासहित नामावली र विवरण अनुसूचीमा राखिएको छ ।

## १०. अध्ययन र संवादको संदेश

नेपाल भारत सम्बन्ध औपचारिक संस्थाहरूबीच विद्यमान राजनीतिक र कूटनीतिक औपचारिकतामा सीमित छैन, यो व्यापक र विस्तृत छ। राजनीतिक र कूटनीतिक सम्बन्धमा उपनिवेशकालको अंश अझ बाँकी छ तर जनस्तरमा कुनै औपनिवेशिक अवशेष छैन र यही नै वास्तविक सम्बन्ध हो । यसको प्रतिबिम्बन सामाजिक सांस्कृतिक पारस्परिकतामा निरन्तर परिलक्षित भइरहेको छ । यसर्थ पुनश्चः यो भन्नैपर्छ, नेपाल भारतबीच स्थायीरूपमा विद्यमान जनस्तरीय सम्बन्धलाई वाणी दिन सामाजिक सांस्कृतिक क्षेत्रमा कार्यरत संस्थाहरूले के कस्तो काम गरिरहेका छन् भन्ने बुझ्नलाई नै  यो अध्ययन गरिएको हो ।

अनुसूचीमा उल्लिखित प्रत्यक्ष संवाद गरिएका र अन्तर्क्रियामा सहभागी संघसंस्थाहरूको गतिविधि, विशेष गरेर धार्मिक आध्यात्मिक क्षेत्रमा कार्यरत संस्थाहरूका हकमा, उनीहरुबाट दुबैतर्फका आआफ्ना सहभागीलाई जोड्ने हिसाबले भए गरेका काम प्रशंसनीय लागे । तर साथसाथै दुई देशबीचको पारस्परिक सम्बन्धलाई कसरी अरू प्रगाढ बनाउन सकिन्छ भन्ने एवं आफ्ना गतिविधि जनस्तरका विविध पक्षसँग जोड्दै पारस्परिक सम्बन्ध सुमधुर बनाउने दिशामा उन्मुख हुनुपर्छ भन्ने विषयमा चाहिं यी संस्थाहरूमा उल्लेख्य अग्रसरता देखिएन । यस दिशामा उनीहरूलाई सजग र प्रशिक्षित गराउनुपर्ने देखियो । यी संघसंस्थाहरूको प्रमुख कार्य निश्चय नै धार्मिक आध्यात्मिक उन्नयन हो तर

यिनकै कार्य समेत त्यतिखेर मात्र सहज हुन्छ जब दुई देशबीच विद्यमान यवात् सम्बन्धहरू सुमधुर हुन्छन् ।

नेपाल-भारतबीच विद्यमान सामाजिक-सांस्कृतिक सम्बन्ध निश्चय नै विशिष्ट छ । यस अध्ययन त्यही विशिष्टितालाई केन्द्रमा राखेरै गरिएको छ । तर त्यो विशिष्टतालाई जनजीवनका विविध क्षेत्रमा पनि सकारात्मक चर्चाको विषय बनाउनु आवश्यक छ । किनभने सम्बन्धको विशेषता बारम्बार सम्झाइएन भने दुई देशबीचको औपचारिक सम्बन्ध मात्र यावत् निर्णयमा हावी हुन जाने सम्भावना बढ्छ, पछिल्लो समयमा बढेको पनि छ ।

साथै यहाँ के पनि भन्नैपर्छ भने जसरी भारतका सामाजिक सांस्कृतिक विभूतिहरूलाई नेपालमा सम्मानका साथ श्रद्धा गरिन्छ, पूजा गरिन्छ र भारतमा नेपालका विभूतिहरूलाई सम्मानका साथ श्रद्धा र पूजा गर्ने वातावरण बन्नु पर्छ । सामाजिक-सांस्कृतिक विभूति र प्रतिकहरूको सम्मान पनि दुईतर्फी हुनुपर्छ । यसो हुँदा यी दुई देशबीचको सम्बन्धमाथि विमर्श गर्न बस्दा होस् अथवा कुनै पनि मुद्दालाई निष्कर्षमा पुऱ्याउन लाग्दा होस्, वार्तामा बस्दा होस् सर्वप्रथम सामाजिक सांस्कृतिक सम्बन्धलाई मार्गदर्शक सिद्धान्त मान्ने ठोस आधार समेत बन्ने छ ।  किनभने यसो गर्दा दुई देशबीच भिन्नताभन्दा बढी समानता देखिन्छ तथा कूटनीतिभन्दा बढी आत्मीयता भेटिन्छ र भनिरहनु नपर्ला, आत्मीय वातावरणमा बस्दा जटिल समस्या पनि सहजरूपमा सुल्झिन्छन् ।

# अनुसूची १

## भारतमा केन्द्र, नेपालमा तिनका शाखा

- कृष्ण भावनामृतका भारतमा मुख्य केन्द्रहरू : नयाँ दिल्ली, मुम्बइ, पूणे, हैदरावाद
  नेपाल : बुढानीलकण्ठ, काठमाडौं
- रामकृष्ण परमहंस मिसनका केन्द्रहरू : अल्मोडा, कलकत्ता, राजकोट, जयपुर, नयाँ दिल्ली, मुम्बइ, श्रीनगर
  नेपाल : ज्ञानेश्वर (काठमाडौं)
- सत्य साइ केन्द्र : पूट्टापर्ती, ह्वाइट फिल्ड-बंगलुरु
  नेपाल : नक्साल (काठमाडौं)
- आर्ट अफ लिभिङ : बंगलुरु, इन्दौर, करिमनगर
  नेपाल : सिफल, शंखमूल (काठमाडौं)

यी संस्थाका बारेमा उपलब्ध सामग्री र भेट्न सम्भव भएका प्रतिनिधिसँग भेट गरेर पनि जानकारी लिएको थिएँ । यी संघसंस्थाहरू आआफ्ना सम्प्रदायका परिधिभित्र निकै सक्रिय रहे पनि बृहत्तर अर्थमा दुई देशबीचको सम्बन्धमा सुमधुरता वृद्धि गर्नमा यिनको उल्लेख्य भूमिका रहेको छ भन्न मिल्दैन । तथापि, परोक्ष रूपमा भने सहयोग पुगिरहेकै छ ।

**प्रत्यक्ष संवाद गरिएका संस्थाहरू**

१. ब्रह्मकुमारी, बुटबल
२. रामकृष्ण मिसन, काठमाडौं
३. पतञ्जलि योगपीठ, काठमाडौं
४. महर्षि महेश योगी आश्रम, टौदह
५. जनजाति कल्याण आश्रम, काठमाडौं
६. प्रेम रावत फाउन्डेशन, तसर्पू, धादिङ

**अध्ययन गरिएका प्रतिनिधि संस्था**

१. आर्य समाज, सबैभन्दा पुरानो संगठित साझा संस्था
२. रामकृष्ण मिशन
३. श्री अरविन्द आश्रम
४. वैष्णव सम्प्रदायका तीन प्रकरण निम्बार्क, रामानुज, रामानन्द
५. सत्य साई बाबा
६. ओम शान्ति/ब्रह्मकुमारी
७. महर्षि महेश योगी
८. प्रेम रावत फाउन्डेशन, आत्मज्ञान
९. श्रीकृष्ण प्रणामी
१०. कृपालु जी महाराज
११. अनुकूल ठाकुर, राधास्वामी
१२. पतञ्जलि
१३. ओशो
१४. श्रीश्री रविशंकर
१५. सदगुरु
१६. विपश्यना केन्द्र
१७. मानव धर्म
१८ गायत्री परिवार

**जनस्तरीय सामाजिक सांस्कृतिक सम्बन्धकेन्द्रीत संस्थाहरू**

१. हिन्दू स्वयंसेवक संघ नेपाल
२. प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल
३. जनजाति कल्याण आश्रम, आमाको माया छात्रावास
४. पशुपति शिक्षा प्रसार समिति
५. राष्ट्र सेविका नेपाल
६. सेवा इन्टरनेशनल

७. नेपाल शिक्षण परिषद्
८. विश्व हिन्दू परिषद्, नेपाल
९. जनकल्याण प्रतिष्ठान
१०. एकल फाउन्डेसन (एकल विद्यालय योजना)
११. राष्ट्रिय श्रमिक महासंघ

**सामाजिक आर्थिक सम्बन्ध केन्द्र**

१. गान्धी स्मारक महागुठी, भद्रकाली
२. स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र
३. इण्डियन सिटिजन एसोसिएन
४. नेपाल भारत चेम्बर अफ कमर्स

**सेवा प्रधान**

१. मारवाडी सेवा समिति
२. अग्रवाल समाज

## वर्ण र जातिभेदभन्दा माथि उठेका संस्था

अधिकांश संस्थाले मानिसलाई आत्मीयताको वातावरण सिर्जना गरेर परस्परमा जोड्न प्रयत्न गरेका छन् । आस्थाका भिन्न भिन्न प्रतीक छन्, तरिका फरक देखिन्छन्, सारमा समानता छ । धेरैजसो आध्यात्मिक, सामाजिक, सांस्कृतिक संस्थाहरू वर्णभेद र जातिभेदभन्दा माथि उठेर काम गरिरहेका छन् ।

## भक्ति र साधनामा केन्द्रित केही संस्था

इस्कोनका केन्द्रहरूले निम्बार्क वैष्णव पन्थनिर्दिष्ट भक्ति मार्गअनुसरण गर्न प्रेरित गर्छ र यसको सञ्जाल मुख्यतः नेपालका दश ठाउँमा छ । नेपालमा यसको मुख्य केन्द्र बुढानीलकण्ठमा अवस्थित छ र उपत्यकाका तिनै जिल्लामा यसका गतिविधि सञ्चालित हुने गर्छन् । इस्कोन भारत र नेपालका साथै यसको अन्तर्राष्ट्रिय सञ्जाल छ । नेपालमा यसका केन्द्र, उपकेन्द्रहरू बुढानीलकण्ठ, ताहाचल, बाँसबारी, नारायणगढ, गौर, लाहान, कर्पुटार (लम्जुङ), बुटवल,

भैरहवा, तानसेन, धरानमा छन् । यो संस्था अन्तरार्ष्ट्रिय सञ्जाल पनि भएकोले यसमा आबद्ध प्रशस्तै मानिस युरोपियन, अमेरिकन भएका कारण हिन्दुत्वप्रति वैश्विक आकर्षण समेत प्रदर्शित गर्छ ।

राजस्थानको माउन्ट आबूमा प्रधान केन्द्र रहेको ओम शान्तिका रूपमा प्रचलित ब्रह्मकुमारी विश्वविद्यालयका शाखाहरू नेपालमा पनि देशैभरी फैलिएका छन् र रामसिंह भाइजीका अनुसार नेपालमा ओम् शान्तिका विभिन्न स्थानमा यिनका ५५० सेवा केन्द्रहरू छन् ।

पतञ्जलि योग पीठको केन्द्र हरिद्वार, उत्तराखण्ड भारतमा छ । नेपालमा यसको मुख्यालय मण्डिखाटार, काठमाडौंमा छ । देशका विभिन्न ठाउँमा योग साधनाको अभ्यास गराउने काम र योग शिविरहरू सञ्चालन गर्छ । सेवा कार्यका साथै यसले आयुर्वेदिक औषधि र खाद्य पदार्थको व्यसाय पनि गर्ने गर्छ । आर्ट अफ लिभिङको मुख्य केन्द्र भारतको बंगलुरु हो । नेपालमा कोटेश्वर, काठमाडौंमा साधना केन्द्र छ र यसले देशका विभिन्न भागमा साधना शिविर सञ्चालन गर्ने गर्दछ ।

# अनुसूची २

## अन्तर्क्रियात्मक कार्यक्रममा विमर्श गरिएका विषय बिन्दुहरू

**नेपाल भारतबीचको सम्बन्ध अद्वितीय**

- ○ के कस्ता कारणले अद्वितीय भनिएको हो भन्ने विषयमा विशद विमर्श हुनु आवश्यक छ ।
- ○ नेपाल भारत सम्बन्धलाई अद्वितीय भन्नु केवल कर्मकाण्ड होइन ।
- ○ केवल भौगोलिक सामिप्यका कारण अद्वितीय भनिएको होइन ।
- ○ भौगोलिक सामिप्य त भारतको बंगलादेश, भूटान, बर्मा, पाकिस्तान र चीनसँग पनि छ तर उसको नेपालसित जस्तो सम्बन्ध छैन ।
- ○ अझ, बंगलादेशसँग त भारतको झण्डै ४१०० किलोमिटर, चीनसँग करिब ३५०० किलोमिटर सीमा जोडिएको छ ।
- ○ नेपालको चीनसँग भौगोलिक सामिप्य छ, करिब १४०० किलोमिटर सीमा जोडिएको छ, तर भारतसित जस्तो सम्बन्ध छैन ।
- ○ जसले जतिसुकै भारत र चीनसँगको सम्बन्ध समदूरी अथवा समसामिप्य भने पनि भारतसितजस्तो सम्बन्ध छैन ।
- ○ भारतको नेपालसँग र नेपालको भारतसित भूगोलका कारणमात्र सम्बन्ध अद्वितीय भएको होइन यद्यपि यसमा भूगोलको बल पनि छ ।
- ○ नेपालले औपचारिकताका लागि जो कसैसँग अद्वितीय सम्बन्ध भन्न सक्छ, त्यस्तै भारतले पनि । त्यो कर्मकाण्डी वाचन हो ।
- ○ भारत र चीन उस्तै छिमेकी हुन्, भन्नेहरू छन् तर होइनन् ।
- ○ नेपाल र भारतका प्रदेशहरूबीचको सामिप्य ।
- ○ सुदूर पश्चिम र उत्तराखण्ड ।
- ○ नेपालको मिथिला र भारतको मिथिला ।
- ○ नेपालको प्रदेश १ र भारतका सिक्किम र दार्जीलिङ ।
- ○ नेपालको लुम्बिनी प्रदेश र भारतको उत्तर प्रदेश ।
- ○ यी प्रदेश केवल भौगोलिक सीमा जोडिएका होइनन्, भाषिक सांस्कृतिक हिसाबले पनि अत्यन्त समीप छन् ।

- दुई देशका मानिसबीच सीमा बिर्साउने सम्बन्ध छ, यसको कारण पारस्परिक आर्थिक निर्भरतामात्र होइन, आत्मीयता हो । आत्मीयता सभ्यता निःसृत हो ।
- सम्बन्ध अद्वितीय हुनुको प्रमुख कारण आत्मीयता प्रबर्धित सामाजिक सांस्कृतिक समरूपता हो ।
- आत्मीयताको कारण साझा तीर्थस्थलहरू हुन् ।
- समान मूल्यपद्धति भएका साझा संस्थाहरू हुन्, ती साझा संस्थाहरूले जनजनलाई निरन्तर जोडिराखेका छन् ।
- सामाजिक सांस्कृतिक आत्मीयताको परिवेशमा दुई देशहरूबीचको राजनीतिक सिमाना लोप हुन्छ ।
- हरिद्वारको पतञ्जलि योगपीठ नेपालमा राजनीतिक भारतको हुँदैन, आफ्नै हुन्छ ।
- राजस्थानको ब्रह्मकुमारी र पूणाको ओशो भन्ने भेद रहँदैन, साझा हुन्छ ।
- चारधाम यात्रा गरिरहँदा नेपालीले अर्को देशका धाम गएका होइनन्, आफ्नै धामहरू गएका हुन् । त्यसै गरी नेपालका तीर्थस्थलमा भारतबाट आउनेले यसलाई अर्काको देशमा तीर्थ गरिरहेका हुँदैनन् ।
- गंगास्नान गरेपछि शुद्ध भएको अनुभूति नेपालकालाई त्यतिकै हुन्छ जति उता हुन्छ ।
- घरमा गंगाजलको यता उता उत्तिकै महत्व हुन्छ ।
- नेपालस्थित तीर्थस्थलमा भारतीयलाई देशबाहिर भएको अनुभूति हुँदैन ।
- नेपाल एवं भारतस्थित दुबै धार्मिक तीर्थस्थलहरूमा दुबै देशका नागरिक एवं तीर्थयात्रीहरूसँग सबै सरोकारवालाहरूले सम्मानपूर्वक व्यवहार हुनुपर्दछ । यसका लागि दुबै स्थानका तीर्थस्थलहरूमा सामाजिक प्रवर्द्धन कार्यक्रमको टड्कारो आवश्यकता देखिएको छ ।
- यदि सम्मानपूर्वक व्यवहार नभएको परिस्थितिमा दुबै देशका तीर्थयात्रीले आफ्नै भूमिमा सम्मान नभएको अनुभूति गर्दछन् र त्यस्तो अनुभूतिमा बाधा उत्पन्न हुन सक्ने सम्भावना बढेर जान्छ । फलस्वरूप विरोधी भावना उत्पन्न हुने सम्भावना पनि बढेर जान्छ ।

- जन-जनबीचको आत्मीय सम्बन्धलाई साझा संस्थाहरूले जोडेको छ।
- यस परिसंवादमा तिनका गतिविधि र गतिविधिबाट पर्न गएका प्रभावको अध्ययन गर्ने अभिप्राय थियो।
- संस्थाहरूबारे जानकारी लिने क्रममा सबैको आ-आफ्नै विशेषता पाइयो।
- कृष्ण भावनामृतलगायतका वैष्णव सम्प्रदायले भक्ति मार्गद्वारा नेपाललाई भारतका साथै विश्वसँग नै जोडेको छ।
- ओशोले आफ्ना केन्द्रहरूमा ध्यान र प्रवचनका माध्यमबाट भारतका साथै विश्वसँगै जोडेको छ।
- मुख्यालय हरिद्वार रहेको पतञ्जलि योगपीठको काठमाडौंमा मुख्य केन्द्र छ। पतञ्जलि केवल योगाभ्यासमा सीमित छैन आयुर्वेद र कृषि कार्यमा पनि त्यसिकै संलग्न छ ।
- परम्परागत तीर्थस्थलका अतिरिक्त नयाँ गन्तव्यहरू थपिएका छन्।

## प्रतिनिधि संस्थाको गतिविधि अध्ययन

- पतञ्जलि योगपीठ, काठमाडौं ..... योग र औषधिका माध्यमबाट जनस्तरसँग जोडिएको रहेछ।
- कृष्णभावनामृत, बुढानीलकण्ठ ...... भक्ति (भजन, कीर्तन, प्रवचन, गोसेवा) तथा प्रकाशन वितरणका माध्यमबाट जोडिएको छ।
- ब्रह्मकुमारी विश्वविद्यालय, बुटवल ....... प्रवचन, ध्यानको विशेष विधि तथा विशेष गरेर नारीद्वारा नेतृत्व, समाजमा सकारात्मक संदेश दिइरहेको छ।
- प्रेम रावत फाउन्डेसन (आत्मज्ञान), तसर्पू धादिङ .... निर्धन तप्काका बीचमा कार्य, शिक्षा, स्वास्थ्य, खानेपानी, सीप विकास, गाउँमै उत्पादनलाई प्रोत्साहन र उत्पादन किनिदिएर सहयोग गरिरहेको छ।
- कृष्ण प्रणामी, काठमाडौं, भक्ति (भजन, कीर्तन, प्रवचनमा जोड) र सामूहिकतालाई प्रोत्साहन, वृद्धवृद्धालाई संरक्षण आदि गतिविधि कृष्ण प्रणामीले गरिरहेको छ।

**समाजका विविध क्षेत्रमा जागरणमुखी काम गरिरहेका संस्थाहरू**

१. हिन्दू स्वयंसेवक संघ नेपाल

२. जनजाति कल्याण आश्रम, नेपाल

३. पतञ्जलि योगपीठ, नेपाल

४. सेवा इन्टरनेशनल

५. प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

६. प्रेम रावत फाउन्डेसन

**बौद्ध, जैन र सिख संस्थाहरू दुबैतर्फ कार्यरत**

- तिब्बती धर्मगुरु दलाइ लामासित सम्बन्धित छन् ।
- भारतका अरूणाचल, सिक्किम, हिमाचल, लद्दाख र नेपालमा धर्मस्थलहरूको विशेष भूमिका रहेको छ ।
- किराँत संस्थाहरू दुबैतर्फ कार्यरत, भारतमा विशेष गरेर सिक्किम, दार्जीलिङ र पूर्वोत्तरका प्रदेशहरूमा सक्रिय छन् ।
- बोडोहरू र किराँत
- हुन त मेघालयका खसिया र अरूणाचल, असम, नागाल्याण्ड, मणिपुर र बर्मासम्म फैलिएका नागाहरू पनि किराँत नै हुन् भन्ने मान्यता छ ।